# अध्याय एक

# परिचय

## १.१.पृष्ठभूमी

विवाहमा कानुनी वा धार्मिक आयोजनाको रुपमा यस्ता सामाजिक स्वीकृतिहरू समावेश गरिएको हुन्छ जसले विपरीत लिङ्गहरूलाई एक अर्कासग यौन क्रिया र सामाजिक, आर्थिक सम्बन्धमा सम्मिलित हुन अधिकार प्राप्त गर्दछ । (Majumdar and Madan, 1980)

समाजशास्त्रीय दृष्टिकोण अनुसार विवाहलाई एक सामाजिक संस्थाको रुपमा लिइन्छ । सामान्य रुपमा विवाह सामाजिक रुपमा स्वीकार गरिएको, साँस्कृतिक रुपले परिभाषा गरेको र सार्वजनिक रुपमा पहिचान भएको केटी र केटा बीचको सम्बन्धलाई बुझाउँछ । समाजशास्त्रीहरूले विवाहलाई पनि एउटा सामाजिक प्रक्रियाको रुपमा बुझ्नु पर्दछ भन्दछन् । यसले समाजमा व्यक्तिको पद र भूमिकालाई परिवर्तन गर्दछ साथै विवाहमा विभिन्न प्रकारका प्रतिकात्मक अर्थ(Symbolic meaning), परम्परा (Customs) प्रयोग गरिएको हुन्छ । जुन हरेक साँस्कृतिक समूहहरू बीच भिन्न र विशिष्ट हुन्छन् ।

Hoebel (1979) का अनुसार विवाह सामाजिक मान्यता प्राप्त तथा मापदण्डको जटिलता हो जसले विवाहित ब्यक्तिको आपसी सम्बन्ध, तिनीहरूको रगत सम्बन्धि नाता, सन्तान तथा समाजको सम्बन्धलाई परिभाषित गर्दछ ।

विवाह एउटा संस्कार हो जसबाट छोराबाट बाबुले स्वर्ग आदि उत्तम लोक प्राप्त गर्दछ । नातीबाट लोकमा अनन्त कालसम्म निवास गर्दछ र पनातीबाट सूर्यलोक प्राप्त गर्दछ । (मनुस्मृति ९/१३४)

विवाह मानिसलाई ग्राहस्थ जीवनमा प्रवेश गराउने एक महत्वपूर्ण सामाजिक संस्था हो । यसले मानवीय समाजलाई संगठित गर्दै स्थायित्व प्रदान गर्दछ । महिला र

पुरुषका व्यक्तित्व विकासका लागि र समाजको निरन्तरताका लागि विवाहले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ ।

प्रारम्भमा जैविकीय कारणले नै महिला पुरुषबीच पहिलो सम्पर्क भयो जसलाई समाज सापेक्ष विकास गराउने काम विवाह प्रथाको शुरुवात भएपछि भएको मानिन्छ । विवाहले नै परिवार तथा नाता सम्बन्धको विकास गराउँछ जसले गर्दा समाजका आधारभूत सामाजिक संस्थाहरू विकास भएका छन् । यसबाट नै समाज बढी संगठित र सहयोगी बन्छ । विवाह एउटा स्पष्ट उद्देश्य बोकेको संस्था भएको कारण तिनै उद्देश्य पूरा गर्नका लागि महिला, पुरुष वा लोग्ने स्वास्नी विभिन्न कार्यमा संलग्न हुन्छन् । एउटा नियम पद्धति संस्कारमा रहेर लोग्ने स्वास्नीले सामाजिक अधिकार र दायित्व निर्वाह गर्दछन् । विवाह एउटा विधि सम्मत चल्ने सामाजिक संस्था हो । त्यसैले विवाहका आ-आफ्नै प्रचलन मान्यता र संस्कार रहेका हुन्छन् । त्यसैले विवाहको आधारभूत आवश्यकता पूरा भने सामूहिक कार्यबाट गरिन्छ । जुन सामाजिक मूल्य मान्यतामा निर्भर रहेको छ । सिंगो समाज विकासको केन्द्र विन्दुका रुपमा विवाहलाई देख्न सकिन्छ । हुनत प्राचिन समयमा जुन बेला औपचारिक र प्रसङ्गग नचलेको समय थियो । त्यसबेला सन्तान उत्पादन कार्य हुँदैनथ्यो भन्ने होइन (आचार्य, २०५५) ।

विवाहबाट यौन सम्बन्ध राख्नु र बच्चा जन्माउने जस्ता कार्य मात्र भएनन् विवाहलाई समाजको विकास र सामाजिकीकरणको प्रक्रियालाई अगाडि बढाउन एउटा महत्वपूर्ण संस्थाका रुपमा पनि लिन सकिन्छ । त्यसैले विवाहलाई निम्न पक्षमा आधारित रहेको सामाजिक संस्था मान्न सकिन्छ । (आचार्य, २०५५)

(क) विवाह निश्चित कार्य प्रणालीको तरिका बाट हुन्छ ।

(ख) समाज र संस्कृतिसँग घनिष्ट सम्बन्ध भएको हुन्छ ।

(ग) विवाहको निश्चित सामाजिक प्रयोजन हुन्छ ।

(घ) संस्थामा संलग्न व्यक्तिहरू बीच निश्चित अधिकार र दायित्व भएको हुन्छ ।

(ङ) विवाह सबै समाजहरुमा संस्थागत रुपमा हुन्छ ।

(च) विवाह मानिसका आधारभूत आवश्कताको परिपूर्तिसँग सम्बन्धित छ ।

यसरी समाजको एक महत्वपूर्ण संस्थाको उत्पत्तिको सम्बन्धमा निश्चित किटान गरेर भन्न सकिने अवस्था छैन । यसको उद्विकास (evolution) सम्बन्धी मानवशास्त्री मोर्गनको अनुसार शुरुमा विवाहरूपी कुनै संस्था थिएन कुनै पनि महिला वा पुरुष कुनै पनि महिला वा पुरुषसँग स्वतन्त्र रुपमा यौन सम्बन्ध राख्न सक्दथे । प्रारम्भमा समाजमा बाबुको विशेष स्थान थिएन । बढीजसो वंश वा सन्तान आमाद्वारा नै चिनिन्थ्यो । त्यसैले प्रारम्भिक समाज मातृसत्तात्मक थियो । समयको विकासक्रम सँगै स्वास्नीलाई ऋणमा दिने चलन पनि विकास भयो ।

मोर्गनले विवाहको विकास क्रमका सम्बन्धमा निम्न तहमा विभाजन गरेका छन् ( १८७७) ।

१. रक्त सम्बन्धमा आधारित विवाह (Consaguineous marriage)
२. समूह विवाह (Group marriage)
३. अस्थायी प्रकृतिको विवाह (Sydesmain marriage)
४. पितृप्रधान विवाह (Patriarchal marriage)
५. एकलगामी विवाह (Monogamy marriage)

समाज परिवर्तन सँगै विवाह प्रतिको बुझाइमा परिवर्तन आएको छ । विवाह प्रथा विश्वव्यापि भएता पनि विवाहको प्रकार र पद्धति भने समय, परिवेश, समाज र सँस्कृति अनुसार फरक र विशष्ट हुने गर्दछ (मोर्गान, १८७७)।

त्यसैगरी मार्क्सवादीहरूको अनुसार उत्पादन व्यवस्थापन वा प्रणालीको विकास सँगै सामाजिक, साँस्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ । मानव समाज विकासको ९० प्रतिशत भन्दा बढी समय ओगट्ने सिकारी युगको अन्त्य तीर भने शिकार गर्नमा केही जटिलता आयो जब पशु पाल्ने काममा प्रयोग हुने भाला, फन्दा आदि वस्तुहरू शारीरिक बलका कारण स्वास्नी मानिसले नभई लोग्ने मानिसले चलाउन थाले । त्यसबेलादेखि नै पुरुषको आधिपत्य र शोषण शुरु भएको थियो । आफ्नो बसोबासलाई

स्थायित्व दिए जसले गर्दा कृषिको आविष्कारको साथसाथै परिवार संस्थाको पनि उदय भयो । परिवार सँगै निजी सम्पत्ति अवधारणासँगै उत्पादन व्यवस्थामा महिलालाई पुरुषको सहयोगीको रुपमा परिभाषा मात्र गरिएन यस सन्दर्भमा सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्बर्द्धनका लागि छोरा जन्माउने वस्तुको रुपमा महिलालाई लिन थालियो । यस्तो शोषण पशुपालनदेखि पुँजीपती सम्म आइपुग्दा अझ बढेको थियो । महिलाहरूलाई घरभित्र धन्दामा मात्र सीमित गरिए या त कमसल कार्यमा कम ज्यालामा लगाइए । अर्को शब्दमा भन्ने हो भने विवाहका स्वरुप उत्पादन प्रकृया अनुसार फरक-फरक किसिमको पाइन्छ । पुँजीपतिहरूका महिलाहरू पनि विभेद शिकारबाट क्रम प्रताडित छैनन किनकी सम्पत्तिको नियन्त्रण पुरुषले गरेको त्यस संरचनामा महिलाहरू पुरुषमा नै आश्रित हुन्छ (मार्क्स र ऐंगल्स, १८८६) ।

"परिवार एक सक्रिय प्रक्रियाको शुरुआत हो । परिवार कहिल्यै स्थिर हुँदैन र समाजले तल्लो चरणबाट माथिल्लो चरणमा विकास गर्दै गए अनुसार यसले पनि सधैं निम्न रुपबाट उच्च संक्रमण गरी रहेको हुन्छ । यसको विपरीत, वंश सम्वन्ध प्रथा निष्क्रिय हुन्छ, परिवारले एक लामोअवधि पार गरिसकेपछि मात्र यस प्रथामा प्रगति हुन्छ र त्यसै बेला मात्र यसमा मौलिक परिवर्तन देखा पर्दछ । जब परिवारमा मौलिक परिवर्तन हुन्छ जुन परिवर्तन विवाहमा पनि लागू भएको पाइन्छ" (मोर्गन, १८७७) ।

आदिम समाजको इतिहासको अध्ययन गर्दा हामी यस्ता अवस्थाहरूको संकेत भेटाउँछौ, जहाँ लोग्ने मान्छेहरूले धेरै स्वास्नी राखेका छन् । उनीहरूको स्वास्नीहरू मध्ये प्रत्येकको धेरै लोग्ने हुन्छन्, तसर्थ यी सबै स्त्री पुरुषका छोराछोरी समान रुपले सबैका छोराछोरी मानिन्छन् । यस अवस्थामा धेरै परिवर्तन हुन्छन् र त्यसबेलासम्म यस्ता परिवर्तनहरू हुँदै जान्छन् जबसम्म यस प्रथाले एक विवाह प्रणालीमा पूर्ण संक्रमण गर्दैन । यी परिवर्तन कस्ता देखिन्छन् भने सामूहिक विवाहको घेरा शुरुमा निकै व्यापक थियो तर पछि गएर झन झन साँघुरिँदै गयो र अन्तत्वगत्वा वर्तमान समयमा प्रचलित युगल परिवारको स्थितिमा नपुगुञ्जेल  यो प्रक्रिया चालु नै रह्यो ( मार्क्स र ऐंगल्स,१९८६) ।

नेपालमा प्राचिन समयदेखि बसोबास भने विभिन्न जातिहरू मध्ये लिम्बू जाति पनि एक हो । लिम्बूहरू प्राचीन किरात जातिका एक शाखा हुन् । लिम्बूहरू आफूलाई याक्थुम्बा वा याक्थुङ् भन्दछन् र मुन्धुममा पनि यही शब्दको मात्र प्रयोग भएको पाइएको छ । खासगरी नेपाल एकिकरणपछि "नौ लाख राई" बाट छुट्याएर अरुण पूर्वका किरातीहरूलाई "लिम्बूराय" भनिएको (श्रेष्ठ, १९८५) र कागज पत्रहरूमा भने "लिम्बू" एक छुट्टै जातिको रुपमा उल्लेख भएको पाइन्छ । काजिमान कन्दङवा (१९२०) का अनुसार वर्तमान नेपालको एकिकरण अघि अर्थात् सन् १७७४ अघि लिम्बूहरू राय वा राईका रुपमा चिनिन्थे ।

लिम्बूहरूमा हिन्दुकरणको प्रभाव परी विभिन्न गोत्रको चर्चा गरे पनि वास्तवमा लिम्बूहरूको गोत्र होइन । अलग अलग गरी माङ्गेना भने हुन्छ, जो सबै लिम्बूहरूले शीर उठाउने पूजा "माङ्गेना" गर्दा र बिहे गर्दा उल्लेख गर्ने गर्दछन् । पुराना इतिहास जे भए पनि आज लिम्बूहरू आफूलाई प्राचीन कालका सावा येत्हाङ (आठराजा) र मध्यकालका दश लिम्बूका सन्तान ठान्दछन् (सुब्बा,२०००) ।

लिम्बू भाषामा 'लि' को अर्थ 'धनु' र 'आम्बु' को अर्थ धनुधारी वा धनुधारण गर्नेलाई लिम्बू भनिन्छ  प्राचिनकालमा आठ किराती राजाहरूको विरुस्द्ध दश सरदारहरूले 'लि' दारा युद्ध छेडि शासन व्यवसथा कायम गरे अर्थात् प्राचिन कालमा धनु को माध्यमबाट युद्ध परास्त गरेको वा धनुको माध्यमबाट नै राज्य स्थापना गर्ने नै लिम्बू भनियो (चेम्जोङ, वि.स. २०६३) ।

नेपालमा लिम्बू जातिको विशेष गरी बसोबास रहेको स्थानहरूमा ताप्लेजोङ्ग, पान्थर, धनकुटा, तेह्रथुम, संखवासभा र इलाम हुन भने हाल आएर झापा, मोरङ र सुनसरीलाई पनि लिम्बू सम्बद्ध राजनीतिक दल तथा संस्थाहरूले लिम्बूवान क्षेत्र घोषित गरिएको छ । सुब्बाको(सन्१९९५) अनुसार लिम्बूवान गोर्खा(नेपाल) का उपनिवेश बने पश्चात गोर्खालीहरु द्वारा लिम्बू र लिम्बूवान शब्दको प्रयोग बढाइएको ऐतिहासिक दस्तावेजहरुले देखाएका छन् ।

इसाको छैटौं शताब्दीमा वर्तमान नेपालको पूर्वी क्षेत्र फेदाप देशमा आठ याक्थुङ राजाहरुले (हन्देनहाङ ,खादोहाङ ,याक्तेदहाङ, चस्बीहाङ, लारासो पाङबोहाङ, सेबाहाङ, इकाङसोहाङ र इमेहाङ) शासन गरेको कुरा इतिहास उल्लेख छ । (भन्सिटार्ट १८९५,चेम्जोङ १९७४ ई.) समय परिवर्तनशील छ । परिवर्तनशील समयसँगै बग्ने गतिशील मानव समुदायले ती आठ राजाहरूको शासन सत्तालाई सधैं साथ दिइरहन सकेन । जनतामा परिवर्तनको चाहाना पलाउदै गयो । समाज विकासको स्वभाविक प्रक्रिया अन्तर्गत याक्थुम राज्यमा शासक वर्ग र शासित वर्गको उदय हुन गयो । वर्गीय समाजको विकास संगै राज्यसत्ताको प्रादुर्भावले सावा येत्हाङ(आठ किराती राजा) र जनतामा वर्गीय अन्तरविरोधी सिर्जना भयो अनि नयाँ राज्यको लागि क्रान्तिको आवश्यकता भयो फल स्वरुप राज्य सत्ताको निमित्त आठराजाहरूको विरुद्धमा उनीहरुको विरुदमा विद्रोह गरे । (सुब्बा, २०६५)

यसरी अन्य जातका विभिन्न संस्कार झैं लिम्बू जातिको पनि विभिन्न संस्कारहरू छन् । त्यस मध्ये विवाह संस्कार पनि एक महत्वपुर्ण संस्कार हो । जसले लिम्बू सामाजिक मूल्य मान्यतालाई परम्परालाई एक पिँढीबाट अर्को पिँढीमा हस्तानतरण गर्न मद्दत गर्दछ । विवाहले सन्तान उत्पत्तिद्वारा समाजलाई निरन्तर अगाडि बढाउन सहयोग गर्दछ । यसरी विवाहले नै एउटा जातिको पहिचान कायम राख्न र लिम्बू संस्कृतिलाई एक ठाउँमा बाँध्न र निरन्तरता दिन महत्वपुर्ण भूमिका खेलेको हुन्छ ।

मार्क्सका अनुसार (१८८६) समाज परिवर्तनशील छ । त्यही अनुसार विवाह पनि स्थीर नभई परिवर्तनशील छ । मोर्गनले भौतिक वस्तुमा आएको परिवर्तनले विवाहमा परिवर्तन आउँछ भनेका छन् । यसलाई एंगेल्सले पनि मान्यता दिएका छन् । लिम्बू जातिको समाजको परिवर्तन सँगै समाजलाई निरन्तरता दिन विवाह पद्धति स्थीर नभई परिवर्तनशील हुँदै आएको छ । लिम्बूवानमा, त्यसकारण जनजातीय भूमिमाथि भएको संघर्ष अतितको घटना हुन् । बरु जारी प्रक्रिया हो, त्यसले यहाँको सामाजिक सम्बन्धलाई निरन्तर प्रभाव पार्दछ (कप्लान, सन् १९७०) ।

यो अनुसन्धानमा लिम्बू समुदायको विवाह पद्धतिको बारेमा अध्ययन गरीएको छ । लिम्बू समुदायको परम्परागत विवाह पद्धति र आधुनिक विवाह पद्धतिको बारेमा जानकारी हासिल गर्न लिम्बू समुदायको विवाह परिवर्तन कारक तत्वहरू के के हुन् ? तिनीहरूका बारेमा अध्ययन गर्ने र विवाहको स्वरुपमा परिवर्तन आउँदा समाजको कुन पक्षले महत्वपूर्ण भूमिका खेलेको छ भन्ने सम्बन्ध हेर्न यो अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

समाजशास्त्री र मानवशास्त्रीमा लिम्बू जाति नयाँ विषयवस्तु होइन । समाजशास्त्री तथा मानवशास्त्री डोर बहादुर बिष्ट (वि.सं. २०३०), कप्लान.एल ( १९७०), जोन्स र जोन्स (१९६७), सागन्त फिलिप (२००८) र डा. चैतन्य सुब्बा लगायत अन्य समाजशास्त्री तथा मानवशास्त्रीहरूले लिम्बूजातीको समग्र अध्ययन गर्दा शूक्ष्म कुरा छुटेका हुन सक्छन् । त्यसैले यहाँ लिम्बू जातिको विवाहको शूक्ष्म कुरालाई लिएर अध्ययन गरीएको छ ।

कप्लानका (१९७०) अनुसार लिम्बूहरूको अधिकांश जग्गा रैकरमा परिणत र किपटहीन भए । १९६७ मा राजा महेन्द्रले भूमि प्रणालीको सुधारका साथसाथै सरकारले किपट ऋणहरू मिनाहा गरिदिने निर्णय भयो, जसले गर्दा लिम्बूहरू झन् भूमिहिन भए । आफ्नो आर्थिक अवस्था सुधार्ने क्रममा कसैले वैकल्पिक अवसरको रुपमा भारतीय र बेलायती सैनिक संस्थालाई आधार बनाए भने कसैले वसाई सरी अन्यत्र लागे जुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय थियो । छोटो समयमा नै आङबुङको जनसंख्या नाटकीय रुपले बृद्धि भयो । पहिला १६२ जना लिम्बूहरू मात्र बसोबास गर्ने ठाउँमा सन् १९८८ मा फेब्रुअरी सम्ममा बसाई सरेर आउने बाहुन, राई र तामाङ नै १६० जना थिए । काठमाडौंद्धारा नवआप्रावासी गैह्र लिम्बूहरु मार्फत हिन्दुहरुलाई लिम्बूवान तीर बसाई सर्नका लागि प्रोत्साहित गर्ने निती संस्थागत गरियो । ती आप्रावासीहरुको वसोवासका लागि लिम्बूहरुलाई जग्गा मागियो ।

मार्क्सका अनुसार समाज परिवर्तनशील छ त्यही अनुसार विवाह पनि स्थीर नभई परिवर्तनशील छ । मोर्गनले भौतिक वस्तुमा आएको परिवर्तनले विवाहमा परिवर्तन आउँछ भनेका छन् । यसलाई ऐंगेल्सले पनि मान्यता दिएका छन् । लिम्बू जातिहरू पनि समाजको परिवर्तन सँगै समाजलाई निरन्तरता दिन विवाह प्रथा स्थिर नभई परिवर्तनशील हुँदै आएको छ ।

नेपाल विविध जाति, धर्म, भाषा, संस्कृतिले सम्पन्न मुलुक हो । हरेक जातिको आ-आफ्नै संस्कार छन । ती संस्कारहरू नै जातिको पहिचान हो । लिम्बू जातिको पनि आफ्नै किसिमको संस्कार र सामाजिक संस्थाहरू रहेका छन । त्यसभित्र विवाह पनि एक महत्वपूर्ण संस्था हो । लिम्बू विवाह संस्कारमा के कस्तो परिवर्तन भइरहेको छ ? त्यसको प्रभाव आजको लिम्बू संस्कारमा कसरी परिरहेको छ ? त्यस्ता विषयवस्तुलाई समाजशास्त्रिय दृष्टिकोणबाट  अध्ययन गर्न नितान्त आवश्यक छ । यिनै माथि उल्लेखित अनुसन्धानको समस्याहरूलाई विश्लेषण गर्दै निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. लिम्बू जातिको सामाजिक परम्परा र मूल्य मान्यताहरू के के छन् ?

२. लिम्बू विवाहमा के कति परिवर्तन आएका छन्, त्यसका कारण के के हुन?

**१.३. उद्देश्यहरू**

जलथल गा.वि.स.वडा नं.८ को लिम्बू विवाहको परिवर्तन स्वरुपको बारेमा जानकारी हासिल गर्ने उद्देश्यले अध्ययन गरिएकोछ । यसको उद्देश्यहरू यसप्रकार छन् ।

१. लिम्बू जातिको सामाजिक परम्परा र मूल्य मान्यताहरूको अध्ययन गर्नु ।

२. लिम्बू विवाहमा देखिएको परिवर्तन र त्यसका कारणहरुको प्रकाश पार्नु ।

**१.४. अध्ययनको महत्व**

यो अनुसन्धान जलथल गा.वि.स को वडा नं. ८ को लिम्बू जातिको विवाहको स्वरुपमा आएको परिवर्तन लाई समाजशास्त्रीय दृष्टीकोणवाट हेर्ने प्रयास गरिएको छ । लिम्बू जातिको विवाह सम्वन्धि मूल्यमान्यतामा के कस्तो परिवर्तन आएको छ ? पहिले के कस्ता प्रकारका विवाह गर्दा कस्तो आपसमा सम्बन्ध निर्माण भएको थियो । अहिले आधुनिक विवाह गर्दा आपसमा कसरी सम्बन्ध निर्माण भएको छ, यसको कारकतत्व के थियो? यस अध्ययन अनुसन्धानमा यसको विस्तृत जानकारी हुनको लागि यसको अध्ययन हुन महत्व  छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको समीक्षा

लिम्बू जातिको बारेमा अहिलेसम्ममा धेरै अनुसन्धान भईसकेका छन् । जसमा लिम्बू विवाह संस्कारका बारेमा केही पुस्तक र शोधहरू उपलब्ध भए पनि परिवर्तनका वारेमा सुक्ष्मरुपले व्याख्या कमै पाइएको छ । लिम्बू संस्कार परिवर्तन उन्मूख छन् भनि उल्लेख गरिए पनि त्यसलाई प्रष्टयाउन नसकेको देखिन्छ । छुट्टै विवाह संस्कारमा मात्र के कस्तो परिवर्तन भइरहेको छ ? त्यसको प्रभाव आजको लिम्बू विवाह संस्कारमा कसरी परिरहेको छ ? भन्ने बारेमा भने विशेष अनुसन्धानमूलक लेख, रचना पाइएको छैन । त्यसैले यहाँ लिम्बू जाती र संस्कार बारेमा लेखिएको पुस्तक र साहित्यहरूको समीक्षा गरिएको छ ।

लिम्बू जाति पनि एक विविध संस्कृति र संस्कारले सम्पन्न जाति हो । त्यस्ता संस्कार र संस्कृतिले मानिस र समाजलाई गति दिइरहेको हुन्छ । लिम्बू समाजमा स्थापित केही संस्कारहरू निम्न अनुसार छन्  (चेम्जोङ, वि.स.२०६३)।

## २.१. जन्म संस्कार

(क) कोख पुजा

(ख) जन्म कर्म

(ग) न्वारान विधी

(घ) भात खुवाउने विधी

(ङ) पहिरन फेर्ने विधी

## २.२. विवाह संस्कारमा विवाह

(क) मागी विवाह

(ख) प्रेम विवाह

(ग) चोरी विवाह

(घ) जारी विवाह

## २.३. मृत्यु संस्कार

(क) स्वभाविक मृत्यु

(ख) अस्वाभाविक मृत्यु

- सुगुप
- सोघा
- लेःत्छाम

यी सबैलाई पछाडि व्याख्या गरिएको छ ।

चेम्जोङका अनुसार वाजाइङ तम्दुहाङ्वा नामक एक पुरुष र उसको एक चेली इरेरे इथुक्ना एकै घरमा वस्दथे । वाजाइङ तम्दुहाङ्वा क्रमश जवान हुदै गएपछि विवाह गर्ने सोच गरेर आफ्नी बहिनी इरेरे इथुक्ना लाई म मेरो विवाहको गर्नका लागी केटी खोज्न जान्छु तिमीले सरसमान ठिक गरी राख्नु भनी पूर्व दिशा लागेर केही दिन पछि एउटी केटी लिएर घर आइपुगे तर जब ती केटीले वाजाइङ तम्दुहाङ्वा को घरमा एउटी केटी देखिन् तब उनी झस्किन् तिनीले वाजाइङ तम्दुहाङ्वालाइ तिमीले पहिले नै विवाह गरेका रहेछौ, तिमी सँग मेरो विवाह हुन सक्तैन । म जुन बाटो आए त्यही बाटो फर्कन्छु भनी, विवाह गर्न अस्वीकार गरी अर्को बाटो लागिन् । वाजाइङ तम्दुहाङ्वालाइ पुनः केटीको खोजीमा पश्चिम तर्फ लागे । त्यहाबाट पनि केटी त लिएर आए तर उनको चेली इरेरे इथुक्नालाई देख्ना साथ उनलाइ पनि त्यही भ्रम भयो र विवाह गर्न मानिनन् । त्यसपछि उनी फेरी केटी खाज्न उत्तर तीर बाट अर्को केटी ल्याए उनले पनि वहिनी इरेर इथुक्नालाई देख्नासाथ विवाह गर्न अस्वीकार गरिन । यसरी तिनै दिशाको केटीले अस्वीकार गरेको वाजाइङ तम्दुहाङ्वा आफ्ना पिता सोघुङ्गेन लेप्मुहाङले दक्षिण तर्फ जाउ । त्यहाँ लेप्लीनता तेन्दुहाङ वा दक्षिण तर्फ लागी लुप्लीना आदाङना सँग युप्पारुङ गरी विवाहको टुङगो लगाए । त्यसपछि वेहुली ( *सिम्बासावा* ) र वेहुली (*सिम्वासामा* ) लाई विभिन्न किसिमको गरगहनाले सिंगारी सिम्बोसावाको वायापट्टि राखि सिम्बासामाको पछ्यौरीको टुप्पोमा युप्पारुङ बाँध्न लगाइ खोक्लिन क्यासक्पा फेदाङमाले दियो, कलश, ढुङगा, चकमक र गुलेली साँची राखी

आशिर्वाद दिदै भने तिमीहरू एक अर्कामा नाता सम्वन्धमा लाग्दैन त्यसैले तिमीहरू पति पत्नि भयौ, तिमीहरू एक अर्कामा छुट्न नपरोस्, कसैको डाहा इर्श्या नलागोस तिमीहरूको घरमा कहिल्यै बज्रपात नपरोस् भन्दै बेहुला र बेहुलीलाई वाचा बन्धन गराउदै तिमी बेहुलाले सौता लगायौ भने यहि युप्पारुङको प्रहारले तिमी खुनी हुनेछौ । त्यस्तै तिमी बेहुली पोइला गयौ भने ढुङगा र चकमकबाट निस्केको आगोले भस्म हुनेछौ भन्ने आर्शिवाद र वाचा बन्धन का साथ विवाह सम्पन्न भयो । (चेम्जोङ वि.स.२०५९)

लिम्बू जातिको एउटै खलक भित्र विहाबारी चल्दैन । विहे गर्ने ठिटाठिटीहरूको उमेर १८ देखि २० वर्षको हुन्छ । एक दुई धनि बाबुआमाले बन्दोबस्त मिलाएको बाहेक अधिकांश लिम्बू ठिटाठिटीहरू आफै भेटघाटगरी रोजी विहे गर्ने गर्दछन् । चाडवाड र कसैको विहेमा जम्मा हुदा ठिटाठिटीहरू हाताहात समातेर धाननाँच नाच्ने गर्दछन् । विहेमा फेदाङबाले मुन्धुम फलाकेर विवाहको कार्य सम्पन्न गर्दछन् । (विष्ट, वि.स.२०२९)

लिम्बूहरू विवाह मुख्यतया मागी विवाह, चोरी विवाह र जारी विवाह गर्ने गर्दछन् जस मध्ये मागी विवाह जारी विवाह र चोरी विवाह भन्दा ज्यादै खर्चिलो छ । परम्परागत हिसाबमा यस्तो विवाह कलिलो उमेरमा नै हुन्थ्यो , यद्यपी एकै पुस्ताको समयवधिमा विवाह गर्ने खोज्नेहरूको औषत उमेर चारले बृद्धि भएर अठार बर्ष पुगेको छ । दुलही खोज्ने काम विषेशगरी अभिभावकको उत्तरदायित्व हुन्छ तर यदि केटाले अगाडि नै कुनै केटी देखेको भई कुराकानी गर्न दवाव दिन्छ (कप्लान, सन् १९७०)।

विवाह गर्दा मावली पट्टि चार पुस्ता सम्म कुटुम्ब गर्न हुदैन । सौतेनी चेलीमाइती बीचमा पनि कुनै किसिमको विवाह सम्बन्ध गर्नु हुदैन । यदि कसैले आफ्नो हाड बंश र दुध बंश सग साइनो मिचि गरे बज्रद्धारा उनीहरूको मृत्यु हुने छ । बज्रद्धारा भएन भने सर्प, वाघ, भालुद्धारा मृत्यु हुने छ (चेम्जोङ, वि.स. २०५९)।

मागी विवाहमा केटी छिनाउदा आमाबाबुले पैसा दिने चलन थियो र आज पनि यो चलन धेर थोर कायम नै छ। एकै माङगेना भएका लिम्बूहरूवीचमा विहे गर्नु हुदैन तर आज यति पर सम्म सोधखोज गर्ने चलन छैन। यस बाहेक मन परेको केटीलाई हाट बजार र मेलापातबाट जबरजस्ती राख्नाले पछि बाट जारी गरी जाने र घर दिगो नहुने हुदाँ यो क्रमश लोप हुदै गएको छ। लिम्बूहरूमा मामाचेली र फुपुचेलावीचमा विहे चल्दैन। तर विधवा भाउजु लाने चलन छ (सुब्बा, सन्२०००)।

लिम्बू जातिमा मागी विहे भए पनि केटा रोज्न र बाबुआमाले दिएको घरमा जिवन विताउन लिम्बूहरूको छोरी चेलीहरू धेरै हद सम्म स्वतन्त्र हुन्छन्। विवाहको समयमा बेहुलीको आमाबाबालाई बुझाएको रकम केहीले आफै राख्दछन भने केही मात्रामा छोरीलाई गहना लगाइ दिन्छन। जुन उनको छोरीको छोरीलाई समेत होस भन्ने चाहना हुन्छ। विवाहको समयमा बेहुलाको आमाबाबा बाहेक सबै आफन्तजन र अन्य युवायुतीहरू एक आपसमा प्रेम सम्बन्ध बढाउने गरी नाच्ने गर्दछन्। (जोन्स एण्ड जोन्स, सन् १९६७)

विगतमा लिम्बूहरूसँग प्रशस्तै भूमि थियो तर खेतीपातीको दक्ष अभ्यासहरू नयाँ प्रवृत्तिहरूर्लाइ अँगाल्न जरुरी कहिल्यै पनि महशुस गरेनन्। भूमिको अभाव देखा परेपछि नयाँ परिस्थितिसँग मिल्न उनीहरू सकेनन्। विवाह र मरणको कर्महरूमा धेरैले खर्च हुने भएकोले भूमि बन्धकी राख्नुपर्ने र बेच्नुपर्ने हुन्थ्यो (दाहाल, सन् १९८३)।

छोरी दिए वापत प्रतिकात्मक रुपमा दाम लिने चलनले कन्या र वर पक्षबीच समान स्तर र हैसियत देखाउँछ र मानवीय संसोधनका हिसाबले छोरीको मूल्यवान स्थिति भएकोले त्यसको क्षतिपूर्ति दिने चलनले छोरी परिवारको सम्पत्ति भन्ने देखिन्छ। त्यसो हुँदा लिम्बूले छोरीको सोतरीत खाएमा हिनताबोध गर्नुपर्ने छैन। रितमा विकृति भने ल्याउन हुँदैन (श्रीनिवास, सन् १९९६)।

पल्लो किरातको उर्वर किपट भूमीलाई द्रुतगतिमा राज्यको नियन्त्रणमा ल्याउन नेपाल सरकारले व्यापक रुपमा गैह्र लिम्बूहरुको बसाई सराई र बस्ती विस्तार गर्न

मद्दत गऱ्यो । गोर्खाद्धारा पराजित लिम्बूहरु भारी सङ्ख्यामा भारततीर विस्थापित भएपछि उनीहरुको खाली भएको किपट जमिन गैह्र लिम्बूहरुलाई विर्ता स्वरुप बाँडियो । नेपाल सरकारले लिम्बूहरुको नेतृत्वमा रहेको भू-स्वामित्वको अधिकारलाई खतम गर्न गैह्रलिम्बूहरु लाई पल्लोकिराततीर बसाइ सर्नका लागि प्रोत्साहित गर्ने निति समेत अख्तियार गऱ्यो (रेग्मी, सन् १९७७-१९९९) ।

# अध्याय तीन
# अनुसन्धान विधि

## ३.१. अध्ययन क्षेत्रको छनौट

यस अनुसन्धान नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने झापा जिल्लाको जलथल गा.वि.स. वार्ड नं. ८ लाई अध्ययनक्षेत्रकोरुपमा लिइएको थियो । जहाँ लिम्बू हरुको  बसोबास रहेको थियो । यस अध्ययनक्षेत्र छनोटका लागि प्रस्ताब गरिनुका निम्न कारणहरु छन् ।

(क) यस ठाउँमा परम्परागत देखि नै लिम्बूहरुको वस्ती भएको हुँदा बिशेषगरी लिम्बूहरुको  विवाह पदतिको बारेमा बुझ्न यो ठाउँ उपयुक्त देखियो ।

(ख) यसैगरी यस क्षेत्रमा लिम्बूहरु मात्र नभई अन्य जात सँग मिसिएर बसोबास गर्दै आजसम्म आउँदा उनीहरुको मूल्यमान्यता मा के कति परिवर्तन को अवस्थामा पुगेछ भन्ने बारेमा अध्ययनको उदेश्य प्राप्ति गर्नका लागि उपयुत्त देखियो ।

## ३.२. अनुसन्धानको ढाँचा

यो अनुसन्धानमा वर्णनात्मक विधिको प्रयोग गरिएको थियो । जस अन्तरगत लिम्बू जातिको विवाहमा भइरहेको परिवर्तनलाई वर्णनात्मक पद्धतिको प्रयोग गरी प्राप्त सूचनाहरूको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यो अनुसन्धान प्राथमिक स्रोत तथा द्वितीय स्रोत दुवै स्रोतहरूबाट तथ्याङ्कलाई लिइएको थियो ।

**३.३.१ प्राथमिक स्रोत** : अवलोकन पद्धति, अन्तर्वार्ता पद्धति र घरधुरी सर्वेक्षण प्रयोग गरिएको थियो ।

**३.३.२ द्वितीय स्रोत** : लिम्बू जाति र विवाह संस्कार सम्बन्धी विभिन्न लेख रचना, पुरस्तक तथा शोधपत्रहरू, जि.वि.स र गा.वि.स.बाट तथ्यांक गणनाबाट, आवश्यक सूचना प्राप्त गरिएको थियो ।

## ३.४. नमुना छनौट विधी

यो अनुसन्धान जलथल गा.वि.स.को वडा नं. ८ मा लिम्बू जातिको विवाहको परिवर्तन स्वरुपको बारेमा गरिएको थियो । उक्त वडामा ६९ लिम्बू घरधुरी मध्ये उपलब्ध ५० घरधुरीको मात्र नमुना छनौट विधीको प्रयोग गरी घरधुरी सर्वेक्षण गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधी

**३.५.१ अवलोकन विधी** : यस विधीवाट अनुसन्धानकर्ताले लिम्बूहरुको घरको पोशाक, गरगहना, घरको वनावट, एक अर्कामा गर्ने ब्यबहार, केही विवाहको तस्विरहरुको अवलोकन गरिएको थियो ।

**३.५.२ घरधुरी सर्वेक्षण विधी** : अध्ययन क्षेत्र आठ नम्बरको लिम्बूहरुको जम्मा ६९ घर बाट ५० घरको घरधुरी सर्वेक्षण गरिएको थियो । जसमा उमेर, लिङग, विवाहको उमेर, शिक्षा र विवाहको भौगोलिक स्थिती आदिको बारेमा तथ्याङक संकलन गरिएको थियो । घरधुरी सर्वेक्षण गर्दा प्राय घरमा बुढापाका र महिलाहरु भेटिएको थियो । उहाँहरु सँग सोधेर पारिवारिक विवरण संकलन गरिएको थियो ।

**३.५.३ अन्तरवार्ता विधी** : यस अन्तरवार्ता विधीमा लिम्बू समुदायमा गएर प्रत्येक घरको एक एक जना सँग अन्तरवार्ता लिइएको थियो । यो अनुसन्धानमा २२ जना सँग अन्तरवार्ता लिइएको थियो । लिम्बू समुदायमा कसरी विवाह गर्दा रहेछन, विवाहको प्रकार, विवाह सम्बन्धी बुझाई कस्तो रहेछ, कसरी केटी माग्ने, माग्न जादा को मार्फत कुरा चलाइन्छ, दाइजो को बारेमा र अन्तरजातीय विवाहलाई कसरी लिम्बू समुदायले लिने गर्दछ । त्यसले

सामाजिक सम्बन्ध के कस्तो निर्माण गरेको छ आदिको बारेमा तथ्याङक लिइएको थियो ।

## ३.६ तथ्याङकको प्रस्तुतीकरण र विश्लेषण

अनुसन्धानबाट संकलन गरी ल्याएको तथ्याङकहरुलाई वर्गीकरण गरी, विश्लेषण गरीएको छ । सामान्य तथ्याङकशास्त्रीय विधीबाट कुनै सङख्यात्मक र कुनै प्रतिशतमा निकाली प्रस्तुतिकरण र विश्लेषण गरिएको छ । यसैगरी गुणात्मक तथ्याङकलाई विषयवस्तुको आधारमा वर्गीकरण गरिएको छ । सोही अनुरुप तिनलाई तर्कपूर्ण विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

लिम्बू जातिको विवाहको अध्ययनको लागि आवश्यक श्रोत, साधन र समयको सीमिततालाई ध्यानमा राख्दै विवाहको अध्ययन गर्दा निम्न सीमाहरू रहेका छन् ।

१) यो झापा जिल्ला जलथल गा.वि.स. वडा नं. ८ का लिम्बू जातिहरूको विवाहको मात्र अध्ययन हो ।

२) यो अध्ययन समाजशास्त्र/मानवशास्त्र स्नाकोत्तर तहको लागि आंशिक कार्य परिपूर्ति गर्न तयार पारिएको छ ।

४) यो अध्ययनले जलथल ८ को लिम्बू जाति वाहेक अन्य क्षेत्रको लिम्बूहरू र सत्येहाङ्मा धर्म मान्ने लिम्बूहरू को प्रतिनिधित्व नगर्न सक्छ ।

# अध्याय चार

# तथ्यको प्रस्तुतिकरण र विश्लेषण

यस अध्यायनलाई दुई भागमा विभाजित गरिएको छ । पहिलो भागमा अध्ययनको क्षेत्र र लिम्बू जातिको सामान्य परिचय र दोस्रो भागमा लिम्बू जनसंख्या, विवाहको उमेरमा आएको परिवर्तन, लिम्बू परिवारका संरचना, विवाहको अवस्था, विवाहको प्रकार, भौगोलिक सेरोफेरो र शिक्षाको अवस्थाको बारेमा व्याख्या गरिएको छ ।

## ४.१ अध्ययनको क्षेत्र र लिम्बू जातिको सामान्य परिचय

नेपालको मेची अञ्चल भित्रका चार जिल्लाहरू मध्ये झापा जिल्ला पनि एक हो । चार जिल्लाहरू मध्ये सबैभन्दा बढी जनघनत्व भएको जिल्ला पनि यहि हो । तथ्याङ्क विभाग, (२०५८) सरकारबाट पुनर्वास सुविधा औलो उन्मुलन (वि.स. २०१२-१४) पछि र भूमिसुधार कार्यक्रम हुन थालेपछि तराईका जग्गा जमिनहरू पहाडबाट आएका मानिसहरूले किनेर बसोबास गर्न थाले । यसैले गर्दा यो जिल्लामा विभिन्न जातजातिका मानिसहरूको बसोबास भएको थियो । यस जिल्लामा विभिन्न सुविधाहरू जस्तै : अस्पताल, खानेपानी, यातायात, समथल जमिन, विद्यालय बाटोघाटो, वाली-नाली आदि जस्ता सुविधाले अन्य छिमेकी पहाडी जिल्लाहरूको तुलनामा अन्य जिल्लाहरूबाट बसाइ सरी आउने गरेको कुरा बसाई सरी आएका मानिसहरूले बताए । यसरी बसाइ-सराई सँगसगै झापा जिल्लामा पहाडी मूलका जात जाति र नयाँ जातिको अगमन सँग-सँगै स्थानीय जातिहरूको विशेषत आर्थिक पक्षमा परिवर्तन आएको पाइयो । । झापा जिल्लामा ४७ गा.वि.स. र ३ नगरपालिका छन् । झापा जिल्लामा प्रायजसो सबै ठाउमा लिम्बूहरुको वसोवास रहे पनि जलथल, पृथ्वीनगर, वर्ने, झिलझिले आदि क्षेत्रमा भने लिम्बूहरुको सङख्या बढी छ । झापा जिल्लाको जम्मा जनसंख्या २०५८ को जनगणना अनुसार ६,६३,०४२ थियो ।

यो अनुसन्धान झापा जिल्लाको जलथल गा.वि.स. वडा नं. ८ मा बसोबास गर्ने लिम्बू जातिको विवाहमा केन्द्रित रहेको थियो । यस गा.वि.स. मा विभिन्न जात-जातिहरूको बसोबास रहेको थियो । यहाँ बसोबास गर्ने जातिहरूमा ब्राम्हण, क्षेत्री, राई, लिम्वू , सतार, मगर, नेवार, दमाई, मेचे, कामी, राजवंशी आदि रहेको थियो । लिम्बू जातिहरूको बसोबास जलथल गा.वि.स. को जनसङख्या १३,१३२ पाइयो, जसमा लिम्बूहरु को जनसङख्या १,५६५ पाइयो । यस वडा नं. ८ मात्र जम्मा ४१० घरधुरी रहेको थियो, जहाँ लिम्बूको ६९ घरधुरी थियो । जलथल गा.वि.स. को मुख्य वालीहरूमा धान, मकै, गहु, आँप, लिची, चिया, केरा, उखु, नरिवल आदि रहेको थियो । झापा जिल्ला अन्य जिल्लाहरूको तुलनामा विकसित जिल्ला भएको कारण यहाँका मानिसहरूले यातायात तथा भौतिक सुविधाहरू प्रयोग गर्दै आएको थियो । यहाँ उब्जाशिल माटो र सिँचाइको राम्रो सुविधा भएको कारण प्राय मानिसहरू कृषि कार्यमा निर्भर रहेको पाइयो । साथै केही मानिसहरू समयको परिवर्तन सँगै व्यापार व्यवसाय, केही मानिस जागिरमा संलग्न भएको, युवा पुस्ता हरु वैदेशीक रोजगारको लागि अधिक मात्रामा गएको पाइयो । यहाँ स्कूल, कलेज, अस्पताल, टेलिफोन, खानेपानी, यातायातमा राम्रो सुविधा रहेको पाइयो । समयको परिवर्तन सँगै मानिसहरू क्रमिक रुपमा परम्परागत पेशा (खेतिपाती) लाई छोडी नयाँ पेशाहरू व्यापार व्यावसाय, रोजगारी, ज्यालादारी आदि तर्फ लाग्न थालेको थियो । यसैगरी यिनीहरूको विवाहमा पनि परिवर्तन आएको पाइयो उदाहरणको लागि लिम्बू जातिमा मागी विवाहको तुलनामा प्रेम विवाह बढी हुन थालेको, सुनौली र रुपौंली माग्ने कम हुन थालेको छ । विवाहको उमेरमा पनि परिवर्तन आएको देखिएको थियो । लिम्बू को विवाह गर्न पहिला केटाकेटी १४, १५ वर्षको उमेर तर  हाल भने अहिले त्यसमा परिवर्तन आएको छ । जसको बारेमा विस्तृत विश्लेषण पछाडीको अध्यायमा गरिएको छ ।

एक लिम्बू वृद्धको अनुसार “यस क्षेत्रमा अधिकांश वसोवास गर्ने लिम्बूहरु पहाड प्रदेशबाट २०२५ तिर झापाको अन्य क्षेत्रमा वसोवास गरे पनि जलथल गा.वि.स मा चाहि जङ्गल फडानी गरी वसोवास गर्नु पर्ने हुदा २०३० सालमा मात्र अन्य जात सगै लिम्बूहरु ले पनि वसोवास शुरु गरेका थिए ।  सतार जाती हरु र केही राजवंशी हरुको

वसोवास लिम्बू र अन्य जात भन्दा केही अगावै देखि थियो । तर यि जातहरु पनि यहिको रैथाने थिएनन् । सतारहरु भारतको झारखण्डबाट आएका थिए भने राजवंशीहरु भारतको पश्चिम बङगाल बाट आएको थिए ।"

वालकृष्ण पोखरेलका अनुसार लिम्बू भाषामा भोट वर्मेली भाषाको प्रभाव परेको छ । बसाईसराई अन्य जातिको प्रवेश हुनु बाहेक २००७ साल पछि राष्ट्रभाषाको व्यापकता आउनु जस्ता कारणहरूले लिम्बू भाषा बोल्नेहरूको सङ्ख्यामा दिन प्रति दिन ह्रास आईरहेको छ । लिम्बूहरु आफ्नो जाति भित्र बोल्दा आफ्नो भाषा बोल्ने गरेको थियो भने अन्य जातिसँग बोल्दा नेपाली भाषा पनि बोल्दछन । यहाँका लिम्बूहरू साना देखी ठूला सम्मका नेपाली बोल्ने गरेको पाइयो । लिम्बू भाषालाई मुख्यतया दुई प्रकारमा विभाजन गरेको देखिन्छ ।

(क) पाँचथर–यो भाषामा ८० प्रतिशत सम्मले बोल्न गरेको पाइन्छ । यो भाषा फेदाप, याङ्रक,फिदिम,इलाम,र ताप्लेजोङ्ग मा बोल्ने गरेको पाइन्छ ।

(ख) छथर–यो भाषा धनकुटा र तेह्रथुम जिल्ला मा मात्र बोल्ने गरेको पाइन्छ ।

## ४.२. धर्म

अन्य हिन्दुहरू जस्तै लिम्बूहरू पनि धार्मिक र तान्त्रिक विश्वास राख्दछन् । जन्म देखी मृत्यु सम्मका धार्मिक कार्य गराउने पुरोहितहरूलाई उनीहरू फेदाङ्मा भन्दछन् । फेदाङ्मा बाहेक येवा र येमा हुन्छन् । जसले धार्मिक र तान्त्रिक नृत्य गराउँदछन् । येवा पुरुष पुरोहित र युमा स्त्री पुरोहित लाई भन्दछन् । लिम्बूहरू तागेरानिङवाफुमा लाई सर्वव्यापी परमात्माको रुपमा सर्म्पूण ब्रहमाण्डको सृष्टिकर्ताको रुपमा तथा आदि शत्तिको रुपमा मान्दछन् । युमा सामाङलाई पृथ्वीकी देवी लाई लिम्बूहरू पुजा गर्दछन् । थवासामाङलाई बोको, कुखुरा, सुँगुरहरू काटेर भोग दिइन्छ । युमासामाङ र थवासामाङ पराक्रमका र युद्धका देवीदेवता हुन । 'ओक्वासामाङ' लिम्बूहरूका पाताल देवता हुन् । नयाँ घर बनाउदा तिनको पुजा गरे घरको रक्षा हने विश्वास गरिन्छ र पूजा गर्दा सुँगुरका पाठा काटिन्छ । वालवच्चा विरामी भएमा 'ताम्फुङ्ना' ले सताएको भन्ने विश्वास गर्दछन् । यस वाहेक घरदेवता, वन देवता,

खोला देवता, बाँदर देवता, विरालो देवता वाहेक नाग–नागिनी, संसारीमाई हुन् । लिम्बूहरूको पवित्र धर्मग्रन्थ मुन्धममा ज्ञान नै मुक्ति हो । यस लोकमा राम्रो काम गरे स्वर्ग जाने जस्ता कुराका परिकल्पना गरेको पाइन्छ ।

लिम्बूहरूमा रहेको मुख्य पूजाहरू निम्न छन् :–

### ४.२.१ नाहेन

लिम्बू समाजमा नाहेन देवतालाई तीन–तीन वर्षमा वली चढाएर पूजा गरिन्छ । क्रोध, ईर्ष्याको देवतालाई गरिने पूजालाई नाहेन भनिन्छ । उनी रिसाएमा परिवारमा रोग–व्याध र मृत्यु आउँछ भन्ने विश्वास गरिन्छ । नाहेनको पूजा येवा र येमा ले मात्र गर्दछन् ।

### ४.२.२ नाहाङ्मा

आपद र दुर्घटनाबाट सुरक्षित होस् भनि घरको मूल पुरुषको नामबाट यो पूजा गर्ने गर्दछन् । यो पूजा गर्दा समस्या र दुर्घटनाबाट वच्ने हेतुले मुन्धुम पढ्दै धनुषले मार्ने चलन छ ।

### ४.२.३ ताम्फुङमा

लिम्बूहरूको वनदेवी हो । उसलाई खुशी पार्न, दुर्भाग्य, रोगबाट वच्न कुखुराको भाले, पोथी र फुल चढाउछन् ।

### ४.२.४ ओकवामा

ओकवामा सामाङ्ग भन्नाले पातल देवलाई भनिन्छ । यो पूजा गर्दा सुँगुरको गला काटेर घरको मुल खम्बालाई भोग दिने गर्दछन् । गृह रक्षाको लागि ओकवामा पूजा गर्ने गर्दछन् । नयाँ कपडा, माछा, मीठाई, नरिवल, पान सुपारी र फलफूल आदि चढाएर फेदाङमाद्धारा दुई–तीन वर्षामा एकपटक गर्ने पूजा हो ।

### ४.२.५ माङ्गेना

लिम्बू समाजमा माइतीले चेलीको नाममा तिनको कल्याणको लागि पूजा लगाउछन् र त्यस्तै चेलीले पनि माइतीको नाममा उसको कल्याणको लागि पूजा लगाउँछे । यसलाई नै माङ्गेना भनिन्छ । लिम्बू समाजमा न्वारन, शुद्धाई, बिहेबारी गर्दा पूजा आदि फेदाङमा ले नै गर्छ ।

## ४.३ चाडपर्व

देशको विभिन्न जाति, उपजातिहरूले वास गरेको नेपालमा आ–आफ्नै चाडपर्वहरू छन् । उनीहरू यसलाई आफ्नै तरिकाले मनाउदछन् । त्यस्तै लिम्बू समदायले पनि दशैं, तिहार मान्नु का साथै अन्य लिम्बू परम्परा अनुसार केही चाडपर्वहरू धुमधाम तथा हर्षोल्लासका साथ मनाउदछन् । चाडपर्वहरू निम्न प्रकारका छन् ।

### ४.३.१.दशैं

लिम्बू जातीहरुले पनि अन्य जातीहरु जस्तै दशैंलाई विशेष चाडपर्वको रुपमा मनाउछन् । आफू भन्दा ठूलावडाबाट टिका र आशिर्वाद ग्रहण गर्दछन् । हाल आएर भने लिम्बू मा दशैंको सम्बन्धमा केही मतभेद पाइन्छ । जस्तै केहीले रातो रङ्गको टिका र सेतो रङ्गको टिका लगाउने गर्दछन् भने केहीले दशैंमा टिका लगाउन छोडेका छन् ।

### ४.३.२ तिहार

तिहारलाई नेपालका दोस्रो महान चाडको रुपमा लिम्बूहरुले पनि मान्दछन् । यस चाड किरात राजा वलिहाङ सँग सम्वन्धित भएको कुरा मुन्धुममा पनि उल्लेख छ । तर लिम्बू मुन्धुममा चेलीमाइती वीचमा फूल आदानप्रदान गर्नु हुन्न भन्ने उल्लेख भए पनि तिहार मा चेलीले माइतीको दीर्घ आयुको कामनाको साथ फूलमाला र टिका लगाई दिन्छन् । त्यसरी नै लक्ष्मी पुजा, गोबर्दन पुजा गर्ने, र देउसी, भैलो खेली मनोरञ्जन गर्दै पाँच दिन सम्म मनाउँछन् ।

### ४.३.३ चैते दशैं

यस चाडलाई लिम्बूहरूले धुमधामका साथ दुई सम्म मनाउछन् । पहिलो दिन देव–देवीको पूजा अर्चना गर्दछन् । दोस्रो दिन नाता–कुटुम्ब र छरछिमेकलाई गच्छेअनुसार बोलाएर खानेकुरा खुवाउँछन् ।

### ४.३.४.श्रावण सक्रान्ति

लिम्बू समाजमा विशेष उल्लासका साथ यो चाड मनाइन्छ । श्रावण सक्रान्तिको दिन वालीनाली, अन्न, फलफूल राम्ररी सप्रियोस भन्ने हेतुले यो चाड मनाइन्छ ।

### ४.३.५ मंसिरे न्वागे पूजा

वाली पाक्न अघि देवी– देवताको नाम चढाए पछि अन्न खाने चलन छ वा विशेष धान पाकेपछि फेदाङमाले पाकेको अन्न देवी–देवतालाई चढाएर पूजा गर्दछन् । त्यसपछि घरपरिवारले त्यो अन्नको साथै अन्य मीठा मीठा खानेकुरा खाने गर्दछन् ।

### ४.३.६ मकर सक्रान्ति

लिम्बूहरूले यो चाडलाई धुमधामका साथ मनाउदछन् । त्यसबेला विशेष गरी तरुलका प्रकार, सख्खरखण्डा, आलु र अन्य फलफूलका प्रकारहरू खाने चलन छ । तर आजभोली तरुल र सख्खरखण्डको साथसाथै सेलरोटी, माछा, मासु आदिको प्रयोग गर्दछन् ।

## ४.४ उमेर र लिङगका आधारमा जलथल ८ का लिम्बूका जनसङंख्या

अध्ययन क्षेत्रका लिम्बूहरूको जम्मा जनसंख्या २९४ रहेको थियो । त्यसमा महिलाको संख्या १६६  र पुरुषको संख्या १२८ रहेको थियो । त्यसलाई उमेरको आधारमा तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१**

**उमेर र लिङ्गका आधारमा जलथल ८ का लिम्बू का जनसङंख्या**

| उमेर समूह | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ०-४ | ८ | ४.८१ | ४ | ३.१२ | १२ |
| ५–१५ | ३२ | १९.२७ | ३० | २३.४३ | ६२ |
| १६-४४ | ९८ | ५९.०३ | ७० | ५४.६८ | १६८ |
| ४५–५९ | १७ | १०.२४ | १५ | ११.७१ | ३२ |
| ६०–माथि | ११ | ६.६२ | ९ | ७.०३ | २० |
| | १६६ | १०० | १२८ | १०० | २९४ |

*स्रोत : कार्य क्षेत्र अध्ययन २०६८*

माथिको तालिका अनुसार विद्यालय जान उमेर नपुगेका वालवालिकाहरु लाई ०-४ उमेर समूहमा राखिएको छ । जसमा महिला ४.८१ प्रतिशत रहेको पाइयो भने पुरुष ३.१२ प्रतिशत पाइयो । ५-१५ उमेर समूह लाई स्कूल जानेहरु मा महिला १९.२७ प्रतिशत पाइयो भने पुरुष २३.४३ पाइयो । १६-४४ उमेर समूह लाई दक्ष जनशत्ति साथै महिला मा प्रजनन् उमेर लिइन्छ । जसमा महिला ५९.०३ प्रतिशत पाइयो भने पुरुष ५४.६८ प्रतिशत पाइयो । ४५-५९उमेर समूह घरगृहस्थी मा महिला १०.२४ प्रतिशत त्यसरी नै पुरुष ११.७१ पाइयो । ६०-माथि उमेर समूह जुन वृद्धअवस्था को महिला ६.६२ प्रतिशत पाइयो भने पुरुष ७.०३ प्रतिशत पाइयो । समग्रमा महिलाको संख्या पुरुषको भन्दा १२.५३ प्रतिशत बढी पाइयो ।

## ४.२ जलथल ८ का लिम्बू जातीको शिक्षाको अवस्था

शिक्षा भनेको मानिसको जीवनलाई अन्धकारबाट उज्यालो तर्फ धकेल्ने एउटा साधन हो जसले मानिसलाई जिवीकोपार्जनको लागि सहयोग पु¥याउदछ । अध्ययन क्षेत्रका लिम्बूहरूको शैक्षिक अवस्था हेर्दा अन्य जातिको भन्दा विगतमा कमजोर रहे पनि क्रमश सुधार हुदै गएको देखियो । तर रोजगारको अवसरको लागि अधिकांश

युवाहरु कक्षा १०,११ र १२ पछि विदेश जाने हुदा उनीहरुको शिक्षा त्यती मा मात्र सीमीत रहेको पाइयो ।

**तालिका नं.२**

**लिम्बू जातीको शिक्षाको अवस्था**

| शैक्षिक अवस्था | महिलाको संख्या | प्रतिशत | पुरुषको संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| निरक्षर | १४(२२) | ८.८६ | ६(१०) | ४.२३ | २० | ७.२२ |
| साक्षर | १८ | ११.३९ | ११ | ९.३२ | २९ | १०.४६ |
| प्रा.वि. | २६ | १६.४५ | २३ | १९.४९ | ४९ | १७.६८ |
| नि.मा.वि | ४० | २५.३१ | ३२ | २७.११ | ७२ | २५.९९ |
| मा.वि | ३१ | १९.६२ | २४ | २०.३३ | ५५ | १९.८५ |
| उ.मा.वि | २० | १२.६५ | १६ | १३.५५ | ३६ | १२.९९ |
| स्नातक तह | ७ | ४.४३ | ६ | ५.०८ | १३ | ४.६९ |
| स्नातकोत्तर तह | २ | १.२६ | १ | ०.८४ | ३ | १.०८ |
| | १५८ | १०० | ११९ | १०० | २७७ | १०० |

*स्रोत:कार्य क्षेत्र अध्ययन २०६८*

माथिको तालिका अनुसार शिक्षाको अवस्थामा महिला निरक्षर ८.८६ प्रतिशत पाइयो भने पुरुष ४.२३ प्रतिशत पाइयो । साक्षरतामा महिला ११.३९ प्रतिशत पाइयो भने पुरुष ९.३२ प्रतिशत पाइयो । प्रा.वि. मा महिला १६.४५ प्रतिशत पाइयो भने पुरुष १९.४९ प्रतिशत पाइयो । नि.मा.वि. मा महिला २५.३१ प्रतिशत पाइयो भने पुरुष २७.११ प्रतिशत पाइयो । मा.वि. मा महिला १९.६२ प्रतिशत पाइयो भने पुरुष २०.३३ प्रतिशत पाइयो । त्यसरी नै उ.मा.वि मा महिला १२.६५ प्रतिशत पाइयो भने पुरुष १३.५५ प्रतिशत पाइयो । स्नातक तह मा महिला ४.४३ प्रतिशत पाइयो भने पुरुष ४.६९ प्रतिशत पाइयो । स्नातकोत्तर तह मा भने महिला १.२६ प्रतिशत पाइयो भने पुरुष ०.८४ प्रतिशत पाइयो ।

परिवर्तित समय सँगै शिक्षा क्षेत्रमा भएको विकास, राज्यले शिक्षामा गरेको लगानी, अभिभावकमा आएको सचेतनाले गर्दा लिम्बू जातिहरूको शिक्षामा सकारात्मक परिवर्तन नै देखिन्छ । यद्यपी अन्य जातीहरू वाहुन, क्षेत्रीको तुलनामा भने उक्त परिवर्तन न्यून नै देखिन्छ ।

## ४.३ जलथल ८ को लिम्बू समुदायको परिवारको आकार

परिवार भनेको एउटै धुरीमा बसी एउटै भान्सामा खाना पकाएको, खाना खान आमा, बाबु, छोरा-छोरी रहेको समूहलाई परिवार भनिन्छ । लिम्बू समुदायमा बाबुको थर छोरा हस्तान्तरण गरेको पाइयो । उदाहरणको लागि घरधुरी सर्वेक्षण गर्दा बाबुको थर जे थियो सोहि अनुसार घरका अन्य सदस्यहरू (श्रीमती, छोरा, छोरी, नाति, नातिनी, बुहारी)को पनि एकै थर पाइयो । त्यसै गरी सम्पत्ति पनि बाबुबाट छोरामा हस्तान्तरण हुने गरेको पाइयो । लिम्बू समुदायको परिवारको संरचनालाई हेर्ने हो भने पितृसतात्मक पारिवारीक ढाँचा देखिन्छ । महिलाको अधिकारको सम्वन्धमा अन्य जात भन्दा केहि स्वतन्त्रता नै भएको पाइयो । घर विवाह पश्चात महिलाको थर श्रीमान थरमा परिणत हुने गरेको पाइयो । लिम्बू परिवारमा वैवाहिक सम्बन्धको नातेदारी भन्दा रक्त सम्बन्धलाई सम्बन्ध नटुङ्गिने पाइयो । जस्तै श्रीमान श्रीमती झगडा गरेर सम्बन्ध विच्छेद पनि हुन सक्छ र पहिलेको नाता टुट्ने गर्दछ तर दाजु भाई बीच झगडा भए पनि मर्दा पर्दा सहयोग गर्दछ र यो सम्बन्ध कहिल्यै पनि टुट्न सक्दैन भन्दछन् ।

लिम्बू समुदायमा एकल परिवार र संयूक्त परिवार गरि दुई प्रकारका परिवार रहेको पाइयो, जसलाई तालिका ३ मा प्रस्तुत गरिएको छ । लिम्बू समुदायमा एकल परिवार र संयुक्त परिवार गरी दुइ परिवार रहेको पाइयो । जसलाई यहाँको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**लिम्बू समुदायको  परिवारको आकार**

| पारिवारिक संरचना | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | ३० | ६० |
| संयुक्त परिवार | २० | ४० |
| | ५० | १०० |

*स्रोत : कार्य क्षेत्रको अध्ययन २०६८*

माथिको तालिकामा एकात्मक परिवार ६० प्रतिशत पाइयो भने संयुक्त परिवारमा  ४० प्रतिशत पाइयो । जसमा संयुक्त परिवार भन्दा एकात्मक परिवार ४० प्रतिशत बढी पाइयो । जसको मुख्य कारण शिक्षा, आधुनिकरण र विदेशमा जाने प्रक्रियाले गर्दा आमाबुवासग अलग्गिने र अन्य कुनै ब्यवसायमा लाग्नु हो । आफ्नो आर्थिक अवस्था सुधार्ने क्रममा कसैले वैकल्पिक अवसरको रपमा भारतीय र बेलायती सैनिक सेवालाई आधार बनाए भने कसैले वसाई सरी अन्यत्र लागे जुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय थियो । (कप्लान १९७०)

## ४.४ जलथल ८ को लिम्बूहरूमा प्रचलन रहेको विवाहको प्रकार

विवाह सर्वव्यापी संस्था हो । अन्य जातिहरूको वैवाहिक परम्परा मूल्य मान्यता आफ्नै खालको छ । लिम्बू समाजमा प्रचलित विवाह संस्कारहरू- मागी विवाह, प्रेम विवाह र जारी विवाहको विवरणलाई तल तालिकामा देखाइएको छ ।

**तालिका नं.६**

**विवाहको प्रकार**

| विवाहको प्रकार | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| मागी विवाह | ३२ | ३२.९८ | २५ | ३९.०६ |
| प्रेम विवाह | ६० | ६१.८५ | ३७ | ५७.८१ |
| जारी विवाह | ५ | ५.१५ | २ | ३.१२ |
| | ९७ | १०० | ६४ | १०० |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६८*

माथिको तालिका अनुसार लिम्बूजातिका प्रचलित रहेको मागी विवाहमा महिला ३२.९८ प्रतिशत पाइयो भने पुरुषमा भने ३९.०६ प्रतिशत पाइयो । मागी विवाहमा महिला भन्दा पुरुष ५.६१ प्रतिशतले बढी पाइयो त्यसैगरी अर्को विवाह प्रेम विवाहमा भने महिला ६६.८५ प्रतिशत पाइयो भने पुरुषमा ५७.८१ प्रतिशत पाइयो । यहाँ पुरुष भन्दा महिला ९.०४ प्रतिशत बढी पाइयो । त्यसैगरी जारी विवाहमा भने महिला ५.१५ प्रतिशत पाइयो भने पुरुषमा ३.१२ प्रतिशत पाइयो । जहाँ महिला भन्दा पुरुषमा जारी विवाह २.०३ प्रतिशतले बढी पाइयो । यसरी परमपरागत रुपमा स्थापित भएको मागी विवाह अहिले आएर त्यसको स्थान विस्तारै प्रेम विवाहले लिदै गरेको अनुसन्धानको क्रममा पत्ता लगाउन सकिन्छ । यसको कारणको रुपमा कानुनी रुपमा अन्तरजातिय विवाहले मान्यता पाउँदै जानु, शिक्षा र रोजगारीको शिलशिलामा अन्य शहरमा वस्नु, शिक्षा, पश्चिमीकरणको प्रभाव, आधुनिकीकरण आदिलाई मान्न सकिन्छ ।

## ४.५ लिम्बू जातिको विवाहको उमेरमा परिवर्तन

हरेक समाजमा कुन उमेर विवाह गर्ने भन्ने कुरा समाजको आ-आफ्नो मान्यता रहेको हुन्छ । मानवशास्त्रीहरूले यसलाई घरपरिवार विकास चक्रको एउटा महत्वपूर्ण प्रक्रियाको रुपमा व्याख्या गरेको पाइन्छ । यसले जन्मदरका साथै श्रमलाई प्रभाव पार्दछ ९फ्रिक, १९९३० । उमेर घर विकाक्रमसंग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ । लिम्बू जातिमा पनि कुन उमेर विवाह गर्ने भन्ने कुरा आफ्नै किसिमको मान्यता पाइन्छ । लिम्बू समुदायमा एकजना बृद्ध अवस्थामा रहेकी महिलाले १० वर्षभन्दा सानो उमेरमा विवाह गरे पनि बढी जसो १५-२४ वीचमा गरेको पाइन्छ । जसमा समयको परिवर्तन सगै ढिलो विवाह गर्न थालेको र आफ्नो राजीखुशी विवाह गर्न थालेको लिम्बू समुदायले बताएका थिए । यस समुदायमा पहिला मागी विवाह, जारी विवाह, चोरी विवाह र भाउजु वेहार्ने (दाईको मृत्यु पछि भाउजु राख्ने) विवाह गर्ने गरेको बताइन्छ भने अहिले मागी विवाह र प्रेम विवाह गर्दै आएको अध्ययनको क्रममा थाहा पाइयो । जसलाई तालिका ४ मा स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं.४**

**विवाहको उमेरमा परिवर्तन**

| विवाहको उमेर समूह | महिलाको संख्या | प्रतिशत | पुरुषको संख्या | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ० -१४ | ९ | ९.२७ | २ | ३.१२ | ११ |
| १५ -२४ | ७६ | ७८.३५ | ३९ | ६०.९३ | ११५ |
| २५ -४० | १२ | १२.३७ | २३ | ३५.९३ | ३५ |
| | ९७ | १०० | ६४ | १०० | १६१ |

*स्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

माथिको तालिका अनुसार उमेर समुहमा विवाहको उमेर ०-१४ बर्षसम्ममा महिला ९.२७ प्रतिशत पाइयो भने पुरुष ३.१२ प्रतिशत पाइयो । १५-२४ उमेर समूह मा महिला ७८.३५ प्रतिशत भने पुरुष ६०.९३ प्रतिशत पाइयो । २५-४० उमेर समूह मा महिला १२.३७ प्रतिशत भने पुरुष ३५.९३ प्रतिशत पाइयो । जहाँ महिला भन्दा पुरुष २४.४८ प्रतिशत ले कमी पाइयो ।

यसरी लिम्बू समुदायमा विवाह गर्ने उमेरमा आएको परिवर्तनको मूख्य कारण अहिले मैले अध्ययन गरेको क्षेत्रमा लिम्बू समुदायका युवाहरू विद्यालय र क्याम्पस पढ्न गएको पाइयो । विद्यालय र क्याम्पस को पाठ्यक्रमले उनीहरूमा आधुनिक सोच जस्तै : कम उमेरमा विवाह गर्नु हुदैन, कम उमेरमा विवाह हुने आर्थिक समस्या, पारिवारिक समस्या, शैक्षिक समस्या आदिका बारेमा चेतना अभिवृद्धि गरेको पाइयो । यसै गरी अध्ययन क्षेत्रका लिम्बू समाज पनि आधुनिक समय, यातायात कुराबाट प्रभावित भएको देखिन्छ । प्राय: सबै लिम्बूहरूमा सानो उमेरमा विवाह गर्नुहुदैन भन्ने मानसिकता उनीहरूमा रहेको पाइयो । केही उत्तरदाताहरूले अन्य जातिको घुलमिल सँगै उनीहरूले पनि १४-१५ वर्षको उमेरमा विवाह गर्ने चलन छोड्दै ढिलो (२३-२४) विवाह गर्न थालेको बताए ।

### ४.६ जलथल ८ को लिम्बू बिबाहको भौगोलिक सेरोफेरो

विवाह एउटा सामाजिक संस्था हो । जसबाट एउटा स्त्री र पुरुषले पारिवारिक जीवनमा प्रवेश गर्दछ । त्यसैले यो सामान्य रुपमा सामाजिक रुपमा स्वीकार गरिएको, सांस्कृतिक रुपमा परिभाषा गरिएको र सार्वजनिक रुपमा पहिचान भएको केटा र केटीबीचको सम्वन्धलाई बुझाउछ । नेपालमा विवाह पछि महिला श्रीमानको घर जाने गर्दछिन् । त्यसरी नै लिम्बू महिला पनि विवाह मा उनको श्रीमानको घर गएर, अर्को जीवनको शुरुवात गर्दछिन् । यसरी कार्यक्षेत्रको अध्ययनको क्रममा पुरुषले विवाह गरेर ल्याउने र विवाह गरेर आउने/जाने महिलाको सङ्ख्या यस तालिका बाट बुझ्न सकिन्छ । यसरी अनुसन्धानको कममा विगतमा एउटी महिलाले विवाह गरेर कति टाढा जाने गर्थिन् र हाल कति टाढा जान्छिन्? वा विवाहको भौगोलिक सेरोफेरोमा आएको परिवर्तनलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.५**

**विवाहको भौगोलिक सेरोफेरो**

| स्थान | सासु /बुहारी | प्रतिशत | छोरी | प्रतिशत |
|---|---|---|---|---|
| वडा नं | ९ | १३.४३ | ४ | १३.३३ |
| वडा वाहिरबाट आउने/जाने | ३० | ४४.७८ | १६ | ५३.३३ |
| जिल्ला बाहिरबाट आउने/जाने | २५ | ३७.३१ | ७ | २३.३३ |
| देश बाहिरबाट आउने /जाने | ३ | ४.४७ | ३ | १० |
| जम्मा | ६७ | १०० | ३० | १०० |

*स्रोत : कार्य क्षेत्र अध्ययन २०६*

माथिको तालिका अनुसार महिलाहरूमा विवाह गरेर आउने र जानेको क्रममा आफ्नो वडा (जलथल) भित्र विवाह गरेर आउने सासु/बुहारी १३.४३ प्रतिशत पाइयो भने छोरी भने १३.३३ प्रतिशत पाइयो । वडा बाहिरबाट आउने सासु /बुहारी ४४.७८ प्रतिशत पाइयो भने वडा बाहिर विवाह गरी जाने छोरी भने ५३.३३ प्रतिशत पाइयो । जुन वडा झापा जिल्ला भित्रका जलथल बाहेक अन्य वडाहरू थिए । त्यसरी

जिल्ला बाहिरबाट आउने सासु/बुहारी ३७.३१ प्रतिशत पाइयो भने जिल्ला बाहिर विवाहगरी जाने छोरी भने २३.३३ प्रतिशत पाइयो । त्यसैगरी देश बाहिर वा विदेशमा बसोवास गर्दै आएका नेपाली महिला पुनःनेपाल मा नै प्रेम विवाह गरी आउने सासु/बुहारी ४.४७ प्रतिशत पाइयो भने विवाह गरी जाने छोरी भने १० प्रतिशत पाइयो । जसमा ४५ देखी माथि उमेरका महिलाहरु प्राय अर्को जिल्ला बाट विवाह गरी आएको पाइन्छ भने १६-४४ उमेर समूहका महिला भने प्राय आफ्नो वडा भित्र वा छिमेकी वडा मा विवाह गरी जाने गरेको पाइयो । जसको कारण प्रेम विवाह नै थियो ।

### ४.७ जलथल ८ को लिम्बू समुदायको विवाहको अवस्थाः

यस तालिकामा लिम्बू समुदायको विवाहको अवस्था अन्तरगत अन्तरजातिय विवाह र सजातिय विवाह गर्ने महिलाहरुको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.७**

**लिम्बू समुदायको विवाहको अवस्था**

| विवाहको अवस्था | सासु/वुहारी | प्रतिशत | छोरी | प्रतिशत |
|---|---|---|---|---|
| अन्तरजातीय विवाह | १४ | २०.८९ | ९ | ३० |
| सजातीय विवाह | ५३ | ७९.१० | २१ | ७० |
| | ६७ | १०० | ३० | १०० |

*स्रोतः कार्यक्षेत्र अध्ययन २०६८*

माथिको तालिका अनुसार अन्तरजातीय विवाहमा सासु/बहारी २०.८९ प्रतिशत पाइयो भने छोरीमा ३० प्रतिशत पाइयो । सासु/ बुहारी र छोरी भन्दा १०.६ प्रतिशत बढि पाइयो । त्यस्तैगरी सजातीय विवाहमा भने सास/बुहारीमा ७९.१० प्रतिशत पाइयो भने छोरीमा ७० प्रतिशत पाइयो । यसरी हेर्दा सजातीय विवाहमा छोरी भन्दा सासु/बुहारीमा ९.१ प्रतिशत बढी पाइयो ।

# अध्याय पाँच

# सामाजिक संस्कार

संस्कार भन्नाले कुने समाजले जन्म देखि मृत्यु सम्म चलाएका विभिन्न कार्यहरूलाई व्यक्तिले स्वेच्छाले वा करले आफुले त्यस समाज भित्रको एउटा सदस्यका रुपमा स्थापना गर्न मान्य रीतिरिवाजहरूलाई सामाजिक संस्कार भनिन्छ (रिट्जर, सन २०००) ।

"किरात संस्कारमा संस्कृतिको जन्मदाता खाप्पु मरङ्नामा नामक ईश्वरीय अलौकिक शक्तिको प्रादुर्भाव तागेरा निङ्वाफूमाको अवतार रुपि देवअंशबाट शुरु भएकोले मुन्धुमका अनुसार माङसा हाङसाको खाजोङ खाइत यथार्थमा पौराणिकरुपमा प्राचीनतामा संस्कारको अर्थमा स्वीकार्दै आएको ऐतिहासिक पृष्ठभूमि बोकेको खाप्पु मरङनामा सामाजीक मुन्धुम ग्रन्थ जीवन्त छ । जसको अनुशरण अनुकरण नै किरात जनजातीय संस्कृतिमा लोकप्रिय बन्दै आएको छ" (*शेर्मा, २०६६०*) । लिम्बू समुदायमा रहेका संस्कार हरू निम्नअनुसार छन :-

## ५.१ जन्म संस्कार

लिम्बू जातीमा महिलामा गर्भ रहेका अबस्था देखि नै दैनिक पूजा बाहेक अन्य देवीदेवताको पूजामा सहभागी हुनुहुदैन । श्रीमान/श्रीमती दुवै मारकाट झै-झगडाबाट अलग रहनु पर्दछ । कुनै पशु बाँधेको डोरी नाघ्नु हुदैन, डाँडाखोलाहरूलाई पार गरेर जाँदा गर्भवती महिलाले विशेष रुपमा क्षमा र आशिर्वाद माग्दै जानु पर्दछ । गर्मधारण गरेको महिला मलामी जानुहुदैन र गर्भवती महिलाको श्रीमानले मृतकको सामलप्मा ( सातो निकाल्ने) काम गर्नु हुदैन । यसरी नै महिला गर्भवती भएको अवस्थामा विभिन्न पूजा गर्ने चलन पनि छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ५.१.१ कोख पूजा (*साक्पोक चोमेन*)

यो पूजा गर्भमा रहेको बच्चा र आमा दुवैको सुरक्षाको लागि गरीने पूजा हो । लिम्बूहरू यस पुजाबाट गर्भमा रहेको बच्चा र आमाको स्वास्थ्य राम्रो हुन्छ भन्ने

विश्वास गर्दछन । यो पूजा सामान्यतया गर्भ रहेको छ महिना देखि आठ महिला भित्र गरिसक्नु पर्दछ । यो पूजा गर्न तीन दिन लाग्दछ । दुई दिन घर बाहिर र एक दिन घर भित्र गरेर सम्पन्न गरिन्छ । यो पूजामा केही लिम्बूहरूले वली दिएर गर्दछ भने केहीले फलफूल र अक्षता चढाएर गर्ने गर्दछन ।

### ५.१.२ जन्म कर्म

किरात लिम्बू जातीका शिशुको जन्म हुदा आफ्नै किसिमका विधीहरू अनुसार गर्ने गर्दछन । सर्वप्रथम आमाको गर्भबाट शिशु भुइमा अवतरण हुने बेलामा साक्पोक चामेन गर्दा मन्त्र जपेको नाम्लोलाई सुत्केरीले समातेर सहायता लिनु पर्दछ भन्ने मान्यता छ । यद्यपी आजभोली यो मान्यतालाई भने छोड्दै गएको र अधिकाशंले बच्चाको जन्म हुने वेला भएपछि प्राय अस्पतालमा लैजाने गरेको बताउछन । यदि बच्चा घर बाहिर अस्पतालमा जन्मेको भए घर भित्र्याउने दिनमा फेदाङमाले घरको कुल पितृ देवताहरूलाई पूजाअर्चना गरी घरको मूल खम्वामा धुप बाल्नु पर्छ र शुद्ध पानीले घरको चारै कुनामा छर्केर चोख्याउनु पर्छ । त्यसै दिन सुत्केरी र नानीलाई मनतातो पानीले नुहाइदिन्छन् साथै घरलाई लिपपोत गरी चोखो बनाइन्छ । त्यसपछि फेदाङमाले मूलको पानी वा सुन पानी भाडामा राखेर दुवो र तितेपातीको मुन्टोलाई मुठा बाँधेर पानीमा चोवलेर चारैतिर पर्सन्छन र आमा शिशु समेत घरको सबै परिवारलाई चोख्याइन्छ । यूमा साम्माङको पूजा पाठ गरी शिशुको माङगेना र जवजात शिशुको नामकरण गरिन्छ । त्यसैगरी छोरा भए ४ दिन पछि र छोरी भए ३ दिन पछि नामाकरण गर्ने र कोक्रो हाल्ने चलन छ । अन्तमा शिशुलाई वालगीत पनि सुनाइन्छ र शिशुलाई कोक्रोमा हालेर हल्लाइन्छ । त्यसवेला आफन्तजन र छर छिमेकीलाई बोलाएर आफ्नो गच्छेअनुसार भोज खुवाइन्छ ।

### ५.१.३ भात खुवाउने (*चामुकसाम चाप्मा*)

वालवालिका ६ महिना वा दातँ उम्रेपछि खाना खुवाउने प्रथा छ । यस कार्यमा पनि फेदाङमा र आफन्तजनहरू बोलाउने गर्दछन । उसमा घरको कुल पितृको पूजा अर्चना गरी आमा शिशुको लागि सु–स्वास्थ्यको वर मागिन्छ साथै नानीलाई खुवाउने

खाना घरको मुल खम्वाको दक्षिण छेउ राखिन्छ । नानीलाई नयाँ वस्त्रको साथ शुद्धमानी र खानेकुरा खुवाइन्छ ।

### ५.१.४ पहिरन फेर्ने विधी (*चाङ्वाफुङ्वा लेक्सिङमा*)

बालक १२ वर्ष र वालिका १० वर्ष पुगेपछि पहिरन फेर्ने विधी गरिन्छ । यो विधी पश्चात वालवालिकाहरू किशोर अवस्थामा प्रवेश गरेको बुझिन्छ । जहाँ बालकलाई शस्त्र र अस्त्रको बारेमा ज्ञान गराइन्छ भने वालिकालाई नारी काम कर्तव्य र वस्त्र प्रति ज्ञान गराइन्छ । उनीहरूलाई चेली माइती बीचमा हाँसो मजाक नगर्ने, लुगाफाटा, सुत्ने, बस्ने अलग गर्नु भन्ने कुराको आदेश दिइन्छ ।

## ५.२ लिम्बू समाजमा विवाह संस्कार र प्रकार

लिम्बू समाजमा विवाह मानव जीबनको लागी महत्वपूर्ण मानिन्छ । यस समाजमा विवाह एक अनिवार्य विशेषता हो भने यि विशेषता द्वारा नै लिम्बू समाजको सन्तुलन अडेको पाइन्छ । लिम्बू छोरा छोरी यूवा अबस्थामा प्रवेश गरेपछि कुटुम्ब खोजी विवाह गरिदिने चलन छ । यसरी कुटुम्ब खोज्दा जहिले पनि केटाको घर पक्षकाले खोजी गर्नु पर्ने परम्परागत नियम छ । स्वजातिय विवाह उत्तम मानिने यस समाजमा वंश नाता आदिको कुरामा अत्यन्तै कडापूर्वक लागु हुन्छ । फुपु चेला, मामा चेली अर्थात आमाको दुधमात्र बारेर आफ्नो नातामा विवाह गर्ने जस्ता चलनलाई ज्यादै निन्दनीय मानिन्छ । संगोलमा कुटुम्व जोड्न नहुने, मावली आदि चार पुस्तासम्म कुटुम्ब जोड्न नहुने, मितेरी साइनोमा सात पुस्ता सम्म कुटुम्ब जोड्न नहुने परम्परा पाइन्छ । यदि कसैले हाडवंश साइनो मिची विवाह गरेमा आकाशबाट ब्रज झरेर उनीहरूको सर्वनाश हुन्छ भन्ने कुरा मुन्धुममा लेखिएका छ । लिम्बू समाजमा प्रचलित विवाह संस्कार निम्न प्रकारका छन् ।

१) मागी विवाह

२) प्रेम विवाह

३) जारी विवाह

### ५.२.१ मागी विवाह र यसको प्रक्रिया

विवाहलाई मागी विवाह भनिन्छ र यस प्रकारको विवाहलाई सर्वोत्तम विवाह पनि मानिन्छ । छोराछोरीको विवाह गर्ने उमेर पुगेपछि लिम्बू परिवारमा अभिभावकहरूले उनीहरूको विवाह गरिदिने कर्तब्य हुन्छ । केटा वा केटी तर्फको मान्यजन, जेठापाकासँग सर-सल्लाह गरी केटी मागेर गरिने विवाहलाई मागी विवाह भनिन्छ ।

**मगनी**

मागी विवाहमा केटी माग्न जाने प्रथम चरण विशेष महत्व छ । आफन्त वा छिमेकी द्वारा कन्याको पत्ता लागेपछि कन्या माग्न बेहुला, सरदार, नातेदार, बेहुलाको साथीहरू जाने चलन छ । केटीको घरमा गएर केटीको बाबु आमा समक्ष रक्सीको पोङ र रुपैँया राखेर हात जोडेर केटी माग्ने कुराको थालनी गरीन्छ । त्यसपछि दुवैतर्फ साइनो सम्बन्ध केलाउने देखि लिम्बू समाजमा विवाह अघि हुने मगनीको विशेष महत्व छ । यस लाई विवाहको प्रथम चरण मान्न सकिन्छ । मगनीमा केटी माग्न जाँदा केटाको साथमा लागि बुढापाका, नातेदार र दुई तीन जना साथीहरू केटीको घरमा जान्छन । यसवेला केटाहरूले एकपोङ रक्सी र चाँदीको एक रुपैँया वा फूल साथमा लैजान पर्दछ । केटा माग्न आउने पूर्व आभास पाएपछि केटी तर्फका ठुलाबडा नातेदारहरूको साथमा ल्याएको रक्सी र फूल वा चाँदीको रुपैँया काँशाको थालमा राखेर केटी माग्ने प्रसङ्ग शुरु हुन्छ । केटी माग्ने दक्ष प्रतिनिधि (सरदार) ले भन्दछ "पिता पुर्खाबाट चलिआएको दस्तुर अनुसार छोराछोरी उमेर पुगेपछि विवाह गरिदिनु पर्ने चलन सर्वविदित नै छ । फूलफुलेपछि पछि भमरा आउछ यो प्राकृतिक नियम हो यो क्रममा हजुरको कन्यासँग हाम्रो वर विलाउनु पाउँदा हाम्रो कुल पितृ देव समेत आनन्दित हुन्छ कि भन्ने आशगरी यहा विन्ती चढाउछौ ।" यसको जवाफ कन्यातर्फले भन्दछन "खोइ फूल कहाँ फुल्यो" जस्ता प्रश्न गरेर केटापट्टिको लागी छक्याउन खोज्दछन । यस बाहेक केटाको घराना चालचलन, स्वास्थ्य, योग्यता, आर्थिक अबस्था गाउँको विषयमा कडा सवाल जवाफ हुन्छ । केटी तर्फलाई चित्त बुझेपछि हाम्रो पनि

घराना असल छ । केटी सुशिल छे तर केटाले हाम्रो छोरीको जिन्दगी भर माया गर्नुपर्दछ र सौता नहाल्ने हो भने हाम्रो छोरी हजुरको बुहारी बनाउन स्वीकृति दिन्छौ के गर्ने मनसाय छ ? भनी सोध्दा केटा तर्फले "सबै कुरा मन्जुर छ" भन्ने गर्दछ ।

लिम्बू समाजमा छोरीको विवाहमा सुनौली (छोरी दिदा सुन लिने चलन) रुपौंली (छोरी दिदा रुपैंया लिने चलन) को माग गर्दछ । समाजिक चलन अनुसार सुनौली रुपौंली को मात्रा केटाको आमा बुबामा भर पर्दछ । यसरी सुनौली रुपौंली जे मागे पनि केटा तर्फले दिनै पर्छ । केटाले दिएको सुनौली वा रुपौंलीलाई केटीको आमा बाबुले साँचेर राखीदिने चलन छ । विवाह गरे पश्चात दुई तीन सन्तान नभए सम्म त्यो फिर्ता हुदैन यो लिनुको अर्थ हुन्छ यदि छोरीले विवाह पश्चात दुःख परेमा, आपत्ति आइपरेमा, जुवाइले हेला गरेमा, अलपत्र नपरोस् भन्ने हेतुले केटी तर्फकाले लिने यो चलन केही कम हुदै गएको छ । आजभोली सुनौली मागे पनि विवाहमा छोरीलाई गहना बनाएर दिने चलन बढ्दै गएको देखिन्छ । रूपौंलीमा पनि विधी पुरा गर्न १००-२०० रुपैंया मात्र माग्ने चलन छ ।

सुनौली, रुपौंलीको माग पुरा भएपछि केटीको पिताले केटाले ल्याएको रक्सी छोएर फलनाको छोरालाई मेरो छोरी सबैको सामु दिँदैछु भन्नु पर्दछ । त्यस पश्चात केटाले युप्पारुङ केटीको मजेत्रोमा बाँधी दिन्छ । यसरी विवाह को तिथी तोक्दा फाल्गुण, वैशाख, अषाढ, मंसीर र माघ महिना राम्रो मानिन्छ ।

**केटा तर्फको विवाहको तयारी**

विवाहको मिती तोकिएपछि केटाको घरमा विवाहको तयारी हुन्छ । आफ्नो गच्छेअनुसार धान, चामल, घ्यू, तेल, मासु, रक्सी आदि आवश्यक सामाग्री जुटाउन थाल्दछन । यस समाजमा केटाको विवाह केटीको तुलनामा निक्कै खर्चिलो पाइन्छ । विवाह विधिको सम्पूर्ण कर्मकाण्ड केटाको घरमा नै हुन्छ । भोज भतेर दुलहीसँग आउने एक हुल लोकन्तीलाई पहिलो दर्जाको सम्मान सत्कार बाहेक बाजा गाजा, दुलहीलाई लत्ता-कपडा, गर गहना खर्च दुलहा तर्फले व्यहोर्नु पर्ने हुन्छ । यस समाजमा कन्यादान, गोडाधुवाको चलन छैन भने दाइजो प्रथा पनि छैन । सयमुन्द्री (आवश्यक

रीत बुझेवापत) लिम्बू बाबु-आमाबाट बागदत्त(कन्यादान) दिने नछिनाएसम्म माइतीको हक लाग्ने लिम्बूनी छोरीहरूलाई सयमुन्द्रीपछि मात्र दाइजो दिने चलन छ । सयमुन्द्री छिन्न कुनै समय अवधि चाहिदैन । कहिलेकाँही त नाता-नातीनी भएपछि मात्र सयमुन्द्री छिनाउँछन् । लिम्बू समाजमा विवाहमा दिल खोलेर खर्च गरेर प्रतिष्ठा कायम गर्न आफ्नो हैसियत भन्दा बढी खर्च गरेको पाइन्छ ।

### केटीतर्फ विवाहको तयारी

यस समाजमा छोराको विवाह गर्दा दाइजो प्रथा नहुनाले कन्याको अभिभावकलाई आर्थिक बोझ कम पर्दछ । छोरालाई आफ्नो गच्छे अनुसार गर-गहना, लत्ता-कपडा र जुराउनेलाई एकसरो लुगा दिने चलन छ । आजभोली घडी र एउटा औंठी सम्म दिने पनि गरेको पाइन्छ र छोरी र जुवाईको उपस्थितिमा भोज खुवाउने चलन पनि बढेको पाइन्छ ।

### मद्यपानको तयारी

लिम्बू भोज-भतेरमा जाँड रक्सीको धेरै प्रयोग गर्दछन । विवाह हुनु भन्दा २ महिना अगाडी नै जाँड, रक्सी बनाउने काम धूमधामसँग हुन्छ । विवाहमा सघाउँनी ल्याउनेहरु पनि जाँड रक्सी नै बोकेर ल्याउँछन । यस समाजमा रहेका प्रशस्त जाँड रक्सीको प्रचलन सबै भन्दा ठूलो खराबी मान्न सकिन्छ । यही चलनद्वारा कहिलेकाहीँ झै-झगडा, भनाभन आदि जस्ता समस्याहरू उत्पन्न हुन्छन भने यसले स्वास्थ्यमा प्रतिकुल असर ल्याउने र विस्तार विवेकलाई भ्रष्ट बनाउँदछ । एकातिर मानिसमा पर्ने प्रत्यक्ष खराबी प्रत्यक्ष रुपमा छदैछ भने अर्कोतिर जाँड, रक्सी बनाउदा वर्षभरि कमाएको अन्न स्वाहा हुन्छ साथै आर्थिक भार पनि पर्दछ । जे भएता पनि भतेरमा जाँड, रक्सी खाएर नाच, गान, मनोरञ्जन गरिन्छ । त्यसैले हामी भन्न सक्छौ कि लिम्बू समाजमा कर्मकाण्डमा जाँड, रक्सीको महत्वपूर्ण भूमिका छ ।

**बेहुलाको पहिरन**

बेहुलाले विवाहको लागि सेतो दौरा सुरुवाल र पटुका लगाउने गरेको देखिन्छ । शिरमा सेता पगरी त्यसमाथि साङदापु(चराको राजा) को प्वाँख राखेर श्रीपेच जस्तो बनाएको हुन्छ । त्यसलाई लिम्बू भाषामा तिवाचो भनिन्छ । आजभोली यस किसिमको चराको प्वाँख नपाइने हुनाले मयूरको प्वाँख नै प्रयोग गरेको पाइन्छ । बेहुलालाई कम्मरमा तरबार वा खुकुरी भिराएर बेहुली ल्याउन अघि तयार गरिन्छ । बेहुलाको गलामा सुनको कण्ठ पनि अनिवार्य रुपले लगाई दिने चलन भएकाले लिम्बू बेहुला आफ्नो पहिरनमा ज्यादै सुन्दर देखिन्छन । यसरी सम्पूर्ण तयारी भए पश्चात बेहुला घोडामा चढेर आफ्नो बेहुली लिन अघि बढ्ने देखिन्छ ।

**बेहुलीको पहिरन**

पहाडका लिम्बू गाउँहरूका बेहुलीले जुनसुकै रङ्गको कपडा पनि प्रयोग गर्दछन तर शहर अर्थात तराईमा आजभोली रातो कपडा लगाउने चलन आइसकेको छ । लिम्बू बेहुलीले गहना आभुषण धेरै प्रयोग गरेको पाइन्छ । शिरमा सुनको फूल र चिम्टीहरू, निधारमा शीरबन्दी, कानमा च्याप्टे सुन, इयरिङ्ग, गलामा कण्ठा, नाकमा ढुंग्री बुलाकी चलन अनुसारको नमुनामा लगाउँदछन । खुट्टामा चाँदीको कल्ली, हातमा सुनको बाला र औंलामा विभिन्न प्रकारको औंठीहरू लगाएर सजधज भई सिंगारिनु बेहुलीको मुख्य विशेषता हो । तर आजभोली आधुनिक लिम्बूनी युवतीहरू विवाहमा यसप्रकारका पुराना ढाँचाका बेहुलीका गर-गहना लगाउने सट्टा नयाँ किसिमका ढंगमा आफुलाई सिँगार्न रुचाउछन ।

लिम्बू जातिको विवाहमा बेहुली लिन जाने समय भन्दा अगाडि नै केटा, सरदार र केही साथीभाईले बेहुलीलाई कपडा, गर-गहना, फूलमाला, चाँदीको रुपैँया दिन जाने कार्य हुन्छ । केटाले चाँदीको रुपैँया ढोग गरेपछि मेकेसामाहरूद्वारा उनको श्रृङ्गार हुन्छ । बेहुलाले पनि घर फर्केर आफ्नो श्रृङ्गारको तयारी गर्दछ ।

**विवाह उत्सव**

विवाह जीवनलाई एक सामाजिक प्रतिष्ठा गराउने माध्यम हो । दुई विपरीत लिङ्गलाई सामाजिक स्वीकृतिको लागि अपनाउने विवाह विधिलाई संस्कारहरूद्वारा सम्पन्न गर्ने चलन प्रत्येक जातीमा पाइन्छ । लिम्बू समाजमा पनि मागी विवाह पद्धतिमा सैद्धान्तिक रुपमा स्वीकार भएको मंगनीलाई यस प्रकारको कर्मकाण्डद्वारा सम्पन्न गर्दछन ।

विवाहको अघिल्लो दिनमा नै केटीलाई मेकेसामा (लोकन्ती) साथमा केटा पक्षकाले आफ्नो गाउँघर नजिकको छिमेकीको घरमा ल्याएर राख्दछन । यस समाजमा यो चलन ज्यादै अनौठो देखिन्छ । नेपालको भौगोलिक बिकटता, कैयौं दिनको बाटो अनि कुटुम्ब गाँसने प्रथा र केटाको घरमा नै विवाह सम्पन्न गर्न पर्ने हुनाले विवाहलाई सजिलो बनाउन यो चलन प्रचलित भएको हुन सक्छ । विवाह हुनु भन्दा २ दिन अगाडी बेहुली लिन वेहुला उसको साथी (लोकन्ते), सरदार र बुढापाका एक जना सहित बेहुली लिन जाने चलन छ । वेहुलीको घरमा वेहुलीको बाबु आमा अन्य मान्यजनहरूले वेहुलीलाई टिका टालो लगाई दुई चार जना माइती अन्य लोकन्तीहरू र केटीको साथ वेहुला आफ्नो घर सबैजनालाई लिएर आउदछ । वेहुला पट्टिको घर दलान नजिकै आएपछि पानीको धारा भएका चौतारामा च्याब्रुङ, बन्दुक, सनाई, नरसिङ्गा र रक्सीहरूको पोङ लगेर भव्य स्वागत गर्नु पर्दछ । नगरे दण्ड जरिवाना तिर्नु पर्दछ । लोकन्तीहरूले रक्सीको सगुन पिउँदै गरेको बेला मजुरको भाले, ढुकुरको भालेहरू नाचेजस्तै च्याब्रुङ बजाइरहनु पर्दछ । बन्दुक पड्काउनु पर्दछ । बन्दुक पड्काउन चलन आजभोली छैन र खाजा पनि खाइसकेपछि हर्ष उल्लास मनाउदै वेहुलाको घर दलान ल्याए पछि लोकन्तीहरूलाई वसौनी रकम कलम दिनुपर्दछ र अनि मात्र डेरामा लाने चलन छ । बेहुली पक्षका सबैलाई वेहुला घर नजिक डेरा बनाएर राखिन्छ ।

## लगनको तयारी

दुलहा-दुलही बस्ने स्थान लिपपोत गरी गाग्री वा लोहोटामा दुइवटा फुङ्गसारी( फूल कलश) र दुईवटा दियो तयार गरिन्छ । यसरी दुई-दुई वटा राख्नुको अर्थ थवासामाङ् (शिव) र युमासामाङ् (पार्वती) को लागि हो । एक थालमा पोते र सिन्दूर राखिन्छ । यसबाहेक एउटा कर्दा, दलसिङ ढुङ्गा, गुलेली, दुवो, घुप एक चाँदीको रूपैंया, कोदोको जाँड, आठ वटा सुँगुरको मासु एवं दुइटा कुखुराको भालेपोथी जोडी चाहिन्छ । लगनको लागि लिम्बू समाजमा हिन्दु धर्म जस्तै श्लोक हाल्ने, कन्यादान, गोडा धुने जस्ता विधिहरू नभई उनीहरूको आफ्नै संस्कार मुन्धुमद्वारा लगन सम्पन्न गर्ने परम्परागत नियमहरू छन । सिन्दुर पोतेपछि फेदाङमाले दूवो ढुङ्गा छुवाएर पञ्चभलाद्मीको मासु बेहुलीलाई परिवारमा समाबेश गर्ने गरेको पाइन्छ । अन्य विधिमा फेदाङमाको भूमिका पनि महत्वपूर्णको हुन्छ ।

## लगन कार्य

लगन विधिलाई विवाहको मुख्य अङ्ग मानिन्छ । साँझ परेपछि मात्र लगन शुरु गर्ने चलन छ । सर्वप्रथम बेहुला बेहुलीलाई राडी अर्थात गलैंचामाथि आसन गराएपछि फेदाङमाले आफ्नो मुन्धुम पढ्न थाल्दछ । त्यसपछि च्याब्रुङ नाँच्नेले घरको मूल खम्बा वरिपरि तीन पटक घुमी-घुमी नाच्छ अनि साथमा बेहुला बेहलीलाई तीन फन्को नचाउँछन । यसरी घरको मूल खम्बा वपरवपर घुम्नुको अर्थ यस समाजमा रहेको मुल खम्बाप्रतिको महत्व बुझिन्छ । जसरी हिन्दु विवाहमा अग्नीलाई साक्षी राखेर सातफेरो गर्दछन त्यस्तै अर्थ यिनीहरूले पराक्रम गरेको हो । लगन विधि अघि माङ्गेना गर्नु अनिवार्य देखिन्छ । माङ्गेना गर्दा फेदाङमाले मुन्धुम पढ्दै भालेपोथि कुखुराको जोडीलाई पालैपाले ढाडमा हिर्काएर केराको पातमा रगत चुहाउँछन । यदि रगत ननिस्के क्रमश : अर्को कुखुरा काट्नै जाने चलन छ कारण रगत निस्के ननिस्केबाट नै जोखना हेरिन्छ र रगत निस्केमा राम्रो मानिन्छ । भाले कुखुराबाट बेहुलीको र पोथी कुखुराबाट केटाको जोखना हेरिन्छ । यसबाहेक कुखुराको मुटुबाट पनि जोखना हेर्ने चलन छ । लगनको समयमा केटा र केटी दुवै तर्फहरूबाट बीच खुब ठट्यौलीगर्ने

परम्परागत चलन छ । यसबेलाको उच्छृङ्खला बाबुबाजे अर्थात मान्यजन सामू पनि हुने हुँदा सायद यो यस समाजको अभिन्न परम्परा रहेको बुझिन्छ । रक्सी भनेर पानी दिने, तरकारीमा खोर्सानी राखेर दिने, जाँड, रक्सीमा नुन खोर्सानी हालेर दिने बाहेक फलानालाई म राख्छु जस्ता नाना थरिका ख्यालठट्टा गरेको देखिन्छ ।

माङ्गेना पश्चात फेदाङमाले धुप बालेर लामो मुन्धुम फलाक्छ । मुन्धुममा विवाहको अर्थ, उद्देश्य र महत्व सम्बन्धी कुराहरू रहको पाइन्छ भने दम्पत्तिलाई स्नेहपूर्ण जीवन बिताउन आब्हान गरेको पाइन्छ । यस बाहेक घरको मुल खम्बालाई साक्षी राखेर केटा-केटीलाई अनेक प्रतिज्ञाहरू लिम्बू भाषामा नै फेदाङमाले गराउँछ । त्यसपछि बेहुलीको सिउँदो अग्रभागमा सिन्दूर हाल्ने, पोते लगाई दिने र दुलहीले दुलाहाको खुट्टामा ढोग्ने कार्य फेदाङमाको आदेशद्वारा गर्दै जान्छ । अब फेदाङमाले लायाकानाम्चा लाई ( कर्दा, दलसिङ, चाँदीको एक रुपैँया ) लाई पञ्च भलाद्मी सामु केटीलाई बुहारी स्वीकारेको आब्हान गर्दछ । लिम्बू समाजमा लायाकानाम्चाका र पञ्चभलाद्मीको ठूलो महत्व छ । यसैद्वारा लिम्बूहरूले सामाजिक बहिष्कार बुझाउन सक्दछन । विवाहमा फेदाङमाले लगनपछि लायाकानाम्चाका अघि राखेर पञ्चभलाद्मीलाई सम्बोधन गरी यी कुराहरू सोध्छन फेदाङमा “सम्पूर्ण पञ्च भलाद्मी महिला तथा सज्जनवृन्द कूल कुटुम्ब र मित्रवर फलानोको छोराले फलानीलाई मान सम्मानसाथ विवाह गरेपछि गृह प्रवेश गरायो । भविष्यमा केटी रोगी होली, सन्तान नहोला, दशाले अङ्गग-भङ्ग होली, भविष्यमा जे जस्तो भउ पनि आजजस्तै मान सम्मान गरी राख्छौ कि ?” भनेर दुलहाको मातापितासँग प्रश्न गरिन्छ ।

दुलाहाका मातापिता-“हामी सम्मान गरेर नै राख्नेछौ ।”

फेदाङमाले कर्दा उठाएर तीन पटक ठ्याक-ठ्याक गर्दै दुलाहालाई माथिकै प्रश्न गर्दछ ।

दुलाहा- “जे जस्तो भविष्य मा आए पनि म यो पञ्च भलाद्मी सामु गरेको विवाहको सम्मान गर्नेछु ।”

फेदाङमा(दुलाहीपट्टि फर्केर)- “भविष्यमा तिम्रो लोग्नेलाई माथि भनेझै कुनै भविष्य आइपरेमा मान सम्मान दिन्छौ त ?”

बेहुली - “दिनेछु ।”

फेदाङमा - यतिका पञ्च भलाद्मी सामु दुलहा दुलही र अभिभावकलाई यतिका बाचा बन्धन गराइयो भविष्यमा यदि यिनीहरूले यो बाचा बन्धन पालना नगरे फेरी पञ्च भलाद्मी राखेर नै स्त्रीले खेमजोङ (पारपाचुके ) र पुरुषले नाजोङ( पारपाचुके ) गर्न सक्नेछ ।

फेदाहाङ्माको सम्पूर्ण घोषणापछि बेहुला बेहुलीलाई अघि राखिएको कोदाको जाँड, आठ टुक्रा मासु खाने आदेश दिन्छन । त्यसपछि च्याब्रुङ्ग नाँचले बेहुला बेहुलीलाई नौ पटक घरको मुल खम्बा बरिपरि परिक्रमा गराउँदै नचाउँछन । त्यसपछि दुलहाले दुलहीको मजेत्रो राखिउको चाँदीको रूपैया बाँधी दिन्छन ।

आफ्नो मान्यजनहरूलाई (मामा, काका, बडावा, फुपूहा आदि) दुलाहाले ढोग्दै जान्छ । पछि पछि दुलहीले पनि ढोग्दै एक बोतल रक्सी र पैसा राख्दै जानु पर्छ । त्यसपछि फेदाङमाले बेहुलीलाई चामल मुन्धुम फुकेर हातमा राखिदिन्छ । सो चामल दुलहीले घरको भकारी भण्डारमा लगेर राख्ने चलन छ । अब विधिवत विवाह समाप्त हुन्छ तर रातभरिनै धान नाच, च्याबुङ्गनाच र अन्य नाच गान गरेर सबै जनाले मनोरञ्जन गर्दछन ।

विवाह भोजका दिन बेहुलीले भतेर तयार गर्नु पर्दछ । तर त्यो भतेर बेहुलीको माइतीपक्षले नखाने चलन छ । त्यसको लागि उनीहरूलाई छुट्टै भात पकाइदिनु पर्दछ ।

विहानीपख च्याब्रुङ्ग पार्टीले घर वरिपरि तीन चक्र लगाउँछन जसलाई हिमकाप्मा भनिन्छ । घर वासिन्दाको लागि सुख एवं घर रक्षाको लागि गरिने यो नाचको अर्थ विदा मागेको पनि हो । यसरी च्याब्रङ्गे र अन्य वाजा बजाउनेहरूलाई रीत अनसार विदा दिए पश्चात मेकेसामाहरूको विदा पनि हुन्छ । लिम्बूनी दुलहीले विवाहको भोलीपल्ट देखिनै पानी, कुचो, काम सम्हाल्न शुरु गरेकी चलन रहेको पाइन्छ ।

### ५.२.२ प्रेम विवाह

लिम्बू समाजमा अर्को प्रचलित विवाह प्रेम विवाह हो । यो समाजमा विशेष गरेर धाननाच, मेलापात, हाटबजार र उत्सवहरू ठाउँहरूमा लिम्बू युवा युवतीहरूको भेटघाट हुन्छ । यसरी भेटघाट हुदै जाँदा नाच्दा गाउँदा प्रेम बस्ने जोडीहरू सल्लाह बमोजिम दाम्पति भै अलिक दिन गाउँ छोडी भाग्छन । केहि दिन पछि केटीलाई केटाको घरमा भित्राइन्छ बेलुका केटाको बाबु आमाले आफन्तहरुको साथ फेदाङ्वा द्धारा लगन गराइन्छ । आजभोली प्रेम बिबाहमा अन्तरजात सँग भने बढी नै गरेको हुनाले अन्य जातको नियम झै रित बुझाउनु पर्छ । तर ब्राहमण र क्षेत्रीले भने रित लिदैनन् साथै केटीलाई माइत नबोलाउने यो क्रम महिनौ देखी वर्षौ सम्म चल्दथियो भने लिम्बू सँग विवाह गर्ने महिला र पुरुषलाई तल्लोस्तर मा पनि गनिन्थे तर आजभोली यसमा परिर्वतन आई माइत छिट्टै बोलाउने र हेला पनि नगर्ने चलन बढ्दो छ । लिम्बू जातमा भने पहिला बुझाउने रितमा (चोरको शोर) परिवर्तन आएको छ । जहाँ छोरी भगाएर लगेको भनि रीत बढी माग्ने गर्थे तर आजभोली छोरीको खुशी हेर्ने र उनीहरू लाई आर्थिक बोझ कम होस् भनेर नै रीत कम माग्ने चलन छ ।

### ५.२.३ जारी विवाह

लिम्बू समाजमा जारी विवाह गर्ने चलन छ । कसैको स्वास्नीलाई अर्कै व्याक्तिले विवाह गरेर लैजानुलाई जारी विवाह भनिन्छ । लिम्बूहरू जीविकोपार्जनका लागि सेनामा भर्ती भएर विदेश जाने अथवा स्वदेशमै टाढा गएर धेरै समयमा घर नआउने गर्दछन । त्यतिमात्र होइन सेनामा भर्ती नहुनेहरू पनि हिउँद लागेपछि छिमेकी मुलुकमा जीविका चलाउन अस्थायी रुपले प्रदेश जान्छन । यस्तो अवस्थामा घरमा एक्लो जीवन विताउने युवतीहरू बरालिनु स्वभाविक हुन्छ । यिनै कारणले गर्दा लिम्बू समाजमा जारी विवाह प्रथा प्रचलित भएको हो । कुनै लिम्बू युवतीलाई कसैले जारी गरी लगेमा जार हान्न पाइँदैन र जारी नगदको रुपैंया तिरे पुग्छ । यस्तो रकमको निर्णय पञ्च भलाद्मीले नै गर्दछन । जारी विवाह गर्ने केटाले केटीलाई केही दिनको लागि भगाएर लैजान्छ वा जारी विवाह गर्नेले टीकाटालो र लगन गरे पश्चात पनि

केही दिन लुकाएर राख्दछ । कहिले काहीँ जारी विवाहमा दुवै जारको बीचमा ठूलो बाद विवाद र दुस्मनी भई अङ्गभङ्ग हुने वा ज्यानको खतरा पनि हुन सक्छ जसले गर्दा समाजमा गम्भिर समस्या उत्पन्न हुन सक्छ । यसैले जारी विवाह गरेपछि केटीको पूर्व लोग्नेसँग सम्झौता गर्ने वा जारी तिर्ने नियमको पालना गर्नु पर्दछ । पञ्चभलाद्मी सामु केटीले पहिलेको लोग्नेले दिएको तर गहना सबै फर्काउनु पर्दछ । स्वास्नी लैजाने जारले पञ्च भलाद्मीको अघि एक बोतल रक्सी, एक चाँदीको रुपैंया दिनुपर्छ साथै पञ्च भलाद्मीले तोके बमोजिम जारिवाना (रुपैंया) तिर्नु पर्दछ जो चाहिँ केटी लानेको गच्छे अनुसार वा जारले मागे बमोजिम तिर्नु पर्दछ । कसै कसैले जारी नलिन पनि सक्छन ।

जारी विवाह गर्दा नयाँ हुने जुवाइले साइनो बुझाउनु पर्दछ यसलाई साइनो तोङ्मा पनि भनिन्छ । साइनो तोङ्मा भन्नाले ससुराली चिन्न र चिनाउन लाई जुवाइले रीत अनुसार डल्ले सुँगुर रक्सी लैजानु र केटाले केटीपट्टिको मान्यजन र ठूलावडालाई रुपैंया (याङसेवा) ढोग्नु पर्दछ । लिम्बू समाजमा जारी विवाह पहिले प्रचलनमा आए तापनि हाल आएर समाजले यसलाई राम्रो दृष्टिले हेरेको पाइदैन । मैले अध्ययनकोक्रममा स्थलगत भ्रमण गरी प्रश्नावलीको आधारमा र अन्तर्वार्ता लिने क्रममा जारी विवाह सम्बन्धी विभिन्न प्रश्नहरू गर्दा धेरै अनुभवी बुढापाका साथै प्रौढहरू मध्येबाट “यो जारी विवाह नराम्रो हो अर्काको घर विगार्न हुँदैन जिन्दगी बर्बाद हुन्छ छोराछोरीको बिजोक हुन्छ” त्यस्तै प्रकारले “समाजले पनि जारी गरेर आएको ल्याएकोलाई हेय दृष्टिले हेर्छ , त्यति सम्मान दिदैन जसले गर्दा पछि गएर मानसिक रुपमा असर पनि पर्न सक्छ, त्यसैले हामीले यस प्रकारको प्रथा पुरै छोड्नु पर्छ” भन्ने भनाई पाए ।

## ५.२.४ विवाहमा आवश्यक रीतहरू

विशेष मागी विवाहमा यि दश रीत अनुसार नै रीतहरू वेहुली का आमा बुबा समक्ष बुझाइन्छ । यस वाहेक अन्य विवाहमा मा सबै रीत बुझाउन आवश्यक छैन ।

१) बोलविन्त गर्ने रीत(*पान ताक्मा थिम)*

एक बोतल रक्सी एक पेरुङ्गो शिकार, एक रूपैया वा एक थुंगा फूल (केराको खाम्मा पातामा) राखी रितभात बुझिलिने कार्यमा उपस्थिति अभिभावक र बोलबिन्ति मिलाउनेहरू समक्ष बेहुलातर्फबाट आफ्ना भनाईहरू शरणका लागि विन्ती बिसाउन अनुमति माग्ने रितलाई पानतक्माथिम भनिन्छ ।

२) बास मगनी रीत(*याङथोकमा थिम* )

एक बोटल रक्सी, एक पेरुङ्गो शिकार एक रुपैंया वा एक थूङ्गा फूल केराको पातमा राखी त्यो रात यहा बास बस्नको लागि अनुमति माग्ने रीत ।

३) प्रमाण प्रस्तुत गर्ने रीत *(स्येम्मा तोम्मा थिम* )

एक बोतल रक्सी एक रुपैंया वा एक थुङ्गा फूल केराको पातमा राखी विवाह घरमा काटिएका  राँगा, खसी, सुगुँर जे काटिएको थियो, त्यसको अगाडीको दाहिने फिला अर्पण गर्दै तपाइहरूको चेलीको विवाहको भोजमा मारिएको जनावरको साप्रो यही हो भनी प्रमाण पेश गर्ने रीत ।

४) मुख्य रीतभात (*हक्थवा तोम्मा थिम*)

यथासक्य मात्रामा रक्सी, पाँच रुपैंया वा एक थुङ्गा फूल केराको पातमा राखी भित्र्यास झिकिएको डोले सुगुर अर्पण गर्ने रीत, यसमा अन्य अचारहरू समेत लाने गर्दछन ।

५) निर्णयकको लागि दिइने रीत (*सुभाचा थिम* )

एक बोतल रक्सी, एक पेरुङ्ग शिकार, पाच रुपैंया वा एक थुङ्गा फूल केराको पातमा राखी गाउँको संरक्षक वा निर्णयकर्ता वा सुब्बाको भाग बापत बुझाउने यो रीत हो । यो रीत बुझ्ने मानिसले भविष्यमा बेहुला बेहुली बीच विवाद सिर्जना भए न्याय दिन सक्नु पर्दछ ।

**६) आमालाई बुझाउने रीत (*योमाचा तोम्मा थिम* )**

एक बोतल रक्सी, एक पेरुङ्गो शिकार, एक रुपैँया वा एक थुङ्गा फूल( केराको पातमा ) राखी बेहुलीको आमालाई बुझाउने ।

**७) बुबालाई बुझाउने रीत(*याबुचा ताम्मा थिम*)**

एक बोतल रक्सी एक पेरुङ्गो शिकार, एक रुपैँया वा फुलको थुङ्गा चिठ्ठीको खाममा वा कागजले बेरेर आफुलाई बुझाउने रीत । एक बोतल रक्सी, एक पेरुङ्गो शिकार, पाँच रुपैँया वा एक थुंगा फूल केराको पातमा राखी बेहुली पट्टिको कुटुनी भाग बुझाउने रीत । एक बोतल रक्सी, एक पेरुङ्गो शिकार, पाँच रूपैँया वा एक थुंगा फूल केराको पातमा राखी बेहुली पट्टिको कुटुनी भाग बुझाउने रीत ।

**८) फुपुलाई बुझाउने रीत(*फूङ्दोङयाङ्मा तोम्मा थिम*)**

एक बोतल रक्सी एक पेरुङ्गो शिकार, एक रूपैँया वा फुलको थुंगा चिठ्ठीको खाममा वा कागजले बेरेर आफुलाई बुझाउने रीत ।

**९) कुटुनीलाई बुझाउने रीत( *थाङसिङमा भाङ तोम्मा थिम*)**

एक बोतल रक्सी, एक पेरुङ्गो शिकार, पाँच रूपैँया वा एक थुंगा फूल केराको पातमा राखी बेहुली पट्टिको कुटुनी भाग बुझाउने रीत ।

**१०) विन्ती विसर्जन रीत*( पान सुप्मा थिम*)**

एक बोतल रक्सी एक पेरुङ्गो शिकार, एक रुपैँया वा एक थुंगा फूल केराको पातमा वोल विन्ती समाप्त भएको गर्दै उचनिचमा क्षमा याचना का साथ बुझाउने अन्तिम रीत ।

## ५.२.५ सुनौली र रुपौँली

लिम्बू समाजमा छोरीको विवाहमा सुनौली (छोरी दिदा सुन लिने चलन)र रुपौँली (छोरी दिँदा रुपैँया लिने चलन) को माग गर्दछ । समाजिक चलन अनुसार

सुनौली रुपौँली को मात्रा केटाको आमा बुबामा भर पर्दछ । यसरी सुनौली रुपौँली जे मागे पनि केटा तर्फले दिनै पर्छ । केटाले दिएको सुनौली वा रुपौँलीलाई केटीको आमा बाबुले साँचेर राखीदिने चलन छ । विवाह गरे पश्चात दुई तीन सन्ताने फिर्ता हुदैन यो लिनुको अर्थ हुन्छ यदि छोरीले विवाह पश्चात दुःख परेमा, आपत्ति आइपरेमा, जुवाइले हेला गरेमा, अलपत्र नपरोस् भन्ने हेतुले केटी तर्फकाले लिने यो चलन थियो । आज भोली सुनौली मागे पनि विवाहमा छोरीलाई गहना बनाएर दिने चलन बढ्दै गएको देखिन्छ । रुपौँलीमा पनि विधी पुरा गर्न १००-२०० रुपैँया मात्र माग्न चलन छ ।

सुनौली, रुपौँलीको माग पुरा भएपछि केटीको पिताले केटाले ल्याएको रक्सी छोएर फलनाको छोरालाई मेरो छोरी सबैको सामु दिदैछु भन्नु पर्दछ । त्यस पश्चात केटाले युप्पारुङ केटीको मजेत्रोमा बाँधी दिन्छ ।

## ५.२.६ सयमुन्द्री

लिम्बू समाजमा रहेको सयमुन्द्री प्रथा ज्यादै अनौठो प्रथा देखिन आउछ । छोरीले विवाह पश्चात भएको भए दस्तुर तिरेपछि केटाले ससुराली गएर सयमुन्द्री छिनी दिने अनुरोध गर्दछ । यस समाजमा छोरीले सयमुन्द्री नछिनेसम्म माइतीको हक लाग्छ । यदि अचानक मृत्यु भइहालेमा काजक्रिया माइतीले नै गर्नुपर्छ । सयमुन्द्री छिन्ने केटोले नै मागे पनि चेलीको स्वीकृतिले मात्र दिने चलन छ सयमुन्द्रीको आवश्यक रीत बुझाएबापत बुढापाकाको उपस्थितिमा आमा बाबुले छोरी जुवाइलाई दाइजो बराबर सामानहरू दिन्छन । पहिले पहिले दिएको समानहरूको लेखापढीसम्म पनि हुन्थ्यो तर अब यो चलन छैन । सयमुन्द्रीपछि पूर्णतया जुवाइका हुन्छ एक प्रकारले यो कन्यादान जस्तो देखिन्छ ।

## ५.२.७ लिम्बू विवाहमा मेकेसामाको महत्व

बेहुलीको दिदी बहिनीहरू, मामा, फुपु, काकाका छोरीहरू, छर छिमेकका छोरीहरू र साथीहरू बेहुलीको साथमा केटाको घर जानेलाई मेकसेमा(*लोकन्ती* ) भनिन्छ । यस समाजमा मेकेसेमाको महत्वपूर्ण स्थान हुन्छ । छोरीको विवाहका

अभिभावकले छर छिमेक तथा आफन्तलाई मेकसेमाको लागि निम्तो दिएर बोलाउने चलन छ । बीस-पच्चिस जनाको एक हुल लोकन्तीहरू पनि कहिले लैजान सक्छ । केटा तर्फकाले मेकेसामाहरूको डटेर सम्मान गर्नु पर्दछ । लोकन्तीहरू केटाको घरमा पुगेपछि "हजुरहरूलाई स्वागत छ" भनेर खसी वा बोका देखाउने गर्छ त्यसपछि त्यही खसीको विशेष भोज उनीहरूलाई नै दिनुपर्छ र टाउको सहित दुईटा खुट्टा अर्थात आधा खसीले भोलीपल्ट ती लोकन्तीहरूलाई दिएर पठाउने चलन देखिन्छ । विवाहमा कहि कतै केटा पक्षले गल्ती गरिहालेमा फेरी बोको र रक्सी देखाएर "हामी माफी चाहान्छौ रिसानी माफ होस" भनेर हात जोड्नु पर्ने जस्ता नियमहरू छन । लोकन्तीहरूले आफैलाई राम्रो स्वागत नगरेमा बस्ने स्थान राख्नेमा लापरबाही गरेमा वा बेहुलीको टीका टिप्पणी गरेको सुनेमा मेकेसामाहरू रिसाएर बेहुली सहित फर्कने धम्की दिन्छन । लिम्बू समाजको विवाहमा केटा पक्षकाले यति सम्मान गरेको पनि देखिन्छ वा खाना खाइसकेपछि मेकेसामाहरूको हात समातेर धोइदिन्छन । केटाकेटी तर्फकाहरू एक अर्कामा सोल्टा, सोल्टीनी भनी ख्यालठट्टा गर्दछन । केटीको लोकन्तीलाई केटा पक्षकाले सेवायाङ पनि दिनुपर्छ , यसको अर्थ केटाको आमाबाबु र फुपूले पनि लोकन्तीहरूलाई टीका लगाइ दिएर रूपैयाँ दिनुपर्छ । केटीसँग बस्ने एक विशेष लोकन्तीलाई भने फेराउनी लुगा समेत दिनुपर्ने चलन छ । लोकन्तीहरूको खास काम बेहुली सिँगार्नु बेहुलीको राम्रो स्याहार सुसार गर्नु बाहेक केटा पक्षकाले आफ्ना सम्मानमा कमी गरिहालेमा व्यंग्य हानेर रिसाए झै गर्ने केटाको घर व्यवस्था, अवस्था, चालचलन आदिको निरीक्षण गर्नु हो । यसबाहेक लिम्बू विवाहमा लोकन्तीहरू विवाहको शोभा जस्ता पनि देखिन्छन । विवाह सकिएपछि भोलीपल्ट विहान केटीको हातद्वारा खानपिन गरी विदावारी हुन्छन । लोकन्तीहरू विवाहको शोभा जस्ता पनि देखिन्छन ।

### ५.२.८ च्याब्रुङ्ग नाच

लिम्बू समाजमा परम्परा देखिनै चलिआएको खेलाङ्ग (च्याब्रुङ्ग) किरातकालिन मुन्धुममा पनि वर्णन गरेको पाइन्छ । यसको थालनीको समय किटान गर्न नसकेता पनि यो किरातकाल देखि नै नाँच्दै आएको हुनु पर्दछ । च्याब्रुङ्ग मेची देखि

महाकालीसम्म जनप्रियता नआइसके तापनि यस नाँचको मौलिकता लिम्बू समाजको अत्यन्त नजिकको प्रतिविम्ब हो ।

केलाङ्गलाई नेपालीमा च्याब्रुङ्ग नाच भनिन्छ । लिम्बू भाषामा ने=कालो बादल (*wooden drum*) लाङ्ग=नाच । यो काठ र जनावरको छालाले मोडेर बनाएको बाध यन्त्र हो । च्याब्रुङ्ग बाजा दुईजना देखि १०, १५ जनासम्मले बजाउन नाच्न सक्छन तर सबै च्याब्रुङ्गबाट एउटै ताल अथवा धुन आउँछ । च्याब्रुङ्गको तालमा मयूर, परेवा, गौंथली, सर्प, पुतली, माछा, मृत, बाघ, भालु, बाँदर, हात्ती आदि पशुपंक्षीको नृत्य तथा चालढालको अभिनय प्रस्तुत गर्दछन । यस बाहेक हल्ला नगर, पर सर, मविलम्बित धुनमा बजाइन्छ । यो नृत्य धार्मिक परम्परा अनुसार नै विकसित भएको देखिन्छ । शुभ विवाह, घरपैंचो, धार्मिक उत्सव र चाडपर्वमा नाचिने यस नाचमा युवक युवती भन्दा बुढाबुढी नाच्ने गर्दछन् । खाश गरेर पुरुषहरूले नाच्ने यस नाचमा यस्तै पहिरन हुनुपर्छ भन्ने छैन । तैपनि दौरा सुरुवाल र टोपिमा राम्रो देखिन्छ यस नाचमा नाच्न इच्छुक महिलाहरूले पनि बाजाको तालमा भावपूर्ण नृत्य गर्दा खुट्टाको ताल मिलाएर इशारा गर्दै नाच्ने गर्दछन् ।

लिम्बू विवाहमा खेलाङ्गको भूमिका महत्वपूर्ण रहन्छ । दुलही ल्याउन अघिदेखि दुलहाको घरमा नाच्दछन् । दुलही लिन जाँदा बाटोभरि नाच्दै अघि-अघि लाग्दछन् ।

**धान नाच**

धाननाच लिम्बू जातिको एक प्रसिद नाच हो । जसलाई लिम्बूहरु यालाक्मा, यालाङमा, याराक्मा समेत भन्दछन् । जहाँ लिम्बू भाषमा या को अर्थ धान र लाक्मा, लाङमा को अर्थ नाच्नु हुन्छ । यो नाच विशेष गरी मेला,विवाहमा र पाहुना गाउँमा आउदा नाता सम्बन्ध नलाग्ने विशेष गरी युवायुवती दुई देखी दश, पन्ध्र जना सम्म एक आपसमा हातको पञ्जासहित समाई लहरै वा गोलाकार चक्र झैं भएर अगाडि पछाडि कदम मिलाउँदै माया पिरती, सृष्टीको कथा, भेट हुनाका कारण प्रश्नोत्तरको रुपमा गाउँदै नाचिन्छ । तर चेली माइती र निकट आफन्तहरु सँग यो धाननाच नाचिदैन ।

यो नाँचको शुरुवात को सम्बन्ध चम्जोङको(२०५९) अनुसार प्रारम्भमा किरात समुदायका मानिसहरुले कृषि व्यावसाय शुरु गरे । माटो खनजोत गरी बिउ रोपे, उठाउने समय भएपछि धान काटेर केही दिन सुकेछि पाखुराद्धारा धान झार्ने र दाना रहेको परालालाई छर्न लगाई त्यो पराल माथि तीनपल्ट थिच्ने र देब्रे खुट्टा एकसाथ उचाली पुनः तीनपल्ट थिच्ने र दाहिने खुट्टा उचाल्ने । यसरी सबै पराल तिनीहरुले खुट्टाले माडे । पछि त्यही खुट्टाले पराल माड्ने चलन प्रसिद्ध धाननाच भयो ।

## ५.३ मृत्यु संस्कार

किरात लिम्बूहरूको मृत्यु संस्कार गर्ने आफ्नै मौलिक परम्परा चढ्ने सिँढी पुरुष भए छ । लिम्बूहरूको स्वाभाविक र अस्वाभाविक मृत्यु संस्कार बीचमा पनि साथारणतया भिन्न छ । जसलाई संक्षेपमा निम्नबमोजिम उल्लेख गरिएको छ ।

### ५.३.१ स्वभाविक मृत्यु

स्वभाविक मृत्युमा पनि यदि बालक छोराको मृत्यु भए ४ दिन छोरी भए ३ दिन जुठो बार्ने चलन छ । यस पछि मृत शरीरलाई धोइ पखालेर सफागरी कात्रोले मुख नछोप्ने गरी बेरेर जमिनलाई लिपपोट गरी गुन्द्री माथी राखिन्छ । मृतकको वरीपरि अबिर लगाई धुप जलाई सुगन्धित फूल राख्ने गर्दछ । मृतकको निधारमा चाँदीको सिक्का राखिन्छ । मृतकका आफन्त इष्टमित्र, घर, छर छिमेकले छातीमा फूल र पैसा राख्ने गर्दछन । यो पैसा मृतकको आत्माको खर्च हो भन्ने चलन छ । त्यो रुपैँया मृत शरीर गाड्नु भन्दा पहिला घरकाले जम्मा गरी काजक्रियामा खर्च गर्नुपर्दछ । त्यसपछि बाँसको चधाप बनाई त्यसमा मृत शरीरलाई राखी नखस्ने गरी पुरुष भए ४ र स्त्री भए ३ ठाउँमा बाध्नु पर्दछ । घाम छाँया छेल्ने चारकुने कपडालाई बासको सानो भाटालाई सुकाएर चारै तर्फ तन्काएर ठाडो बनाई त्यसमा मृत आत्माले स्वर्ग चढ्ने सिढी पुरुष भए ४ स्त्री भए ३ तलाको बनाई झुण्डाउनु पर्दछ । लाशलाई मृतकका छोरा , भतीजा, भाई आदिले बोक्ने गर्दछन । लाश अगाडी सेतो कपडाको सानो ध्वजा, खुकुरी र धान भुटेको अगाडी अगाडी छर्दै चिहान घारीमा पुगेपछि खुकुरी बोक्ने र अन्य समेतले होहल्ला गरी मसान भगाउन कराउने चलन छ । त्यस पछि लाशको

लम्बाई हेरी खाडल खनि काठको बाकस बनाई गाडिन्छ । जमिनमा लाश गाड्नु भन्दा अगाडी धामीले मुन्धुम द्वारा जमिन किने पछि मात्र गाड्ने गलन छ । मलामी गएको सबैले माटोदिने गर्दछन । मलामीहरू घर पुग्नु अगाडी बाटोमा अगुल्टो भाडामा पानी र तितेपातीको मुन्टा द्वारा चोख्याएर मात्र घरमा प्रवेश गरीन्छ । मृतकका परिवारलाई क्रिया पुत्रपुत्रीहरूले नुनतेल, लसुन, अदुवा, प्याज र मासु खान बर्जित छ साथै उनबाट बनाइएका सम्पूर्ण वस्तुहरूलाई अलग राखि पशुप्राणीले छुन नपाउने गरी सुरक्षीत भई पुरुष ४ दिन र स्त्री भए ३ दिन जुठो बारी नुनतेल माग्नु पर्दछ । जसलाई खाउमा भनिन्छ । त्यो पञ्च भलादमी र आफन्तजन फेदाङ्मा राखी नुन तेल र अदुवा खोर्सानी र मृतकले खाने चिजहरू राखेर मुन्धुम बाचन गरी सकेपछि क्रियामा बसेको छोरा, भतिजा, भाई आदिको केश काटि चोखिने परम्परा छ ।

### ५.३.२ अकाल मृत्यु

#### १) सुगुप

प्रसुति अबस्थामा बच्चा जन्मन नसकि आमाको मृत्यु हुन गएमा त्यसलाई सुगुप भनिन्छ । गाड्ने कार्यविधी स्वाभाविक मृत्यु सरह भए पनि लाश गाडिएको चिहान माथि पसाउन आटेको केराको बोट रोप्ने चलन छ । जुनदिन केरा पसाउछ त्यस मृतआत्माले बच्चालाई जन्म दिई जीउ हलुङ्गो भएको विश्वास गर्दछन । बच्चा जन्मेको एक महिना भित्र आमाको मृत्यु भएमा सुगुप मृत्यु नै मानिन्छ तर केराको बोट भने रोप्नु पर्दैन ।

#### २) सोघा

लडेर, झुन्डीएर, जलेर पानीमा डुबेर मरेका दुर्घट्ना बाट मृत्यु भएमा सोधा मुत्यु भन्छि । यसरी मृत्यु भएका शरीरलाई गाड्नु हुदैन, अनिवार्य जलाउनु पर्दछ । यस्तो मृत्युको जुठो बार्ने चलन हुदैन तर येवा द्वारा सोघा मार्ने काम भने अनिवार्य गर्नुपर्दछ ।

**३) लेःत्छाम**

कुनै मान्छेको प्राण जाने समयमा कसैले नदेखी प्राण गएमा त्यस मृत आत्मालाई लेःत्छाम भनिन्छ । त्यस प्रकारको मृत्युलाई अरु साधारण सरह अन्त्येष्टी क्रिया गरे पनि येवा द्धारा मृतआत्मा लाई थुनछेक गर्ने विधी  गरिन्छ ।

# अध्याय छ

# लिम्बूको विवाह संस्कारमा आएको परिवर्तन

## ६.१ मागी विवाहमा आएको परिवर्तन

मागी विवाह भनेको केटा र केटीको बाबु आमाको सहमतिमा केटीलाई मागेर विवाह गर्नु हो । पुरानो पद्धति अनुसार केटाले केटी माग्न जाँदा एक पोङ (एक पाथी) रक्सी र चाँदीको रुपैँया साथमा लैजान पर्दथ्यो भने आएर भने हाल आएर दुइ बोतल रक्सी लगे पुग्छ ।

विवाह गर्न अघि मंगनीमा लिम्बू समाजमा बेहुला पक्ष संग सुनौली (सुनमाग्ने कम्तिमा एक देखि तोला सम्म) र रुपौँली (रुपैँया माग्ने) केटाको गच्छे हेरी हजारौं हजार मागिन्थ्यो भने अहिले आएर प्रायः यो चलन बिस्तारै लुप्त हुदै गइरहेको छ, यद्यपि पहाडतिर यो चलन कही कतै अझ पनि विद्यमान छदैछ ।

पहिला सुनौली रुपौँली पछि केटाले केटीको मजेत्रोमा युप्पारङ(रुपैँया) बाँधी दिने चलन थियो र त्यसपछि सानो तिनो भोज पनि गरिन्थ्यो भने हाल आएर केटी पट्टिको रक्सीको बोतल समाते पछि कुरा पक्का भएको मानिन्छ । केटापट्टिकोलाई साधारण जलपान खुवाए हुन्छ, भोज भतेर गर्नु पर्दैन ।

अनुसन्धानको कममा ६२ वर्षकी महिलाको अनुसार“ मेरो विवाहमा त १ राँगा, २ सुँगुर, २ गाग्री रक्सी, १ गाग्री जाँड ल्याएको मलाई अझै सम्झना छ । वेहुला र वेहुलीको पहिरन पनि आजभोलीको जस्तो रातो लगाउदैनथ्यौं । त्यसमाथि पनि वेहुला र वेहुली दुवैले सुनको कण्ठा लगाउँथे । विवाह पनि कम्तिमा पनि ४ दिन सम्म हुन्थ्यो, जहाँ च्याब्रुङ र धाननाच रातभर नसुतीकन नाँच्दथे । तर आजभोली जमाना महङ्गीको छ, अव त हाम्रो छोराछोरीको त्यसरी कसरी विवाह गर्न सकिन्छ? साथै उनीहरु परम्परागत पहिरन लगाउन पनि मान्दैनन् । विवाहमा बढी खर्च गर्नु मान्दैनन्” । त्यसैगरी २७ वर्षका विवाहित पुरुषका अनुसार “मागी विवाहमा रमाइलो र खुसीयाली भए पनि बढी खर्च हुने भएकोले यसलाई छोटो विधीमा गरे राम्रो हुन्छ, नत्र विवाह देखी नै ऋण शुर हुन्छ ।” यसरी लिम्बूहरु विवाहमा हुने खर्च प्रति सचेत

हुदै गएको देखिन्छ । मागी विवाहमा देखिएको परिवर्तन लाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- लिम्बू विवाहमा बढी लागत लाग्ने भएकोले आफ्नो आर्थिक अवस्था प्रति सचेत लिम्बूको सबै विधी पुरा नगरी छोटकरीमा र कम लागतमा विवाह हुन थालेको छ ।
- विवाहमा बेहुलाको बुबा आमा आफन्तले रीत बढी माग्ने साथै रुपौंली र सुनौली माग्ने चलन कम भएको छ ।
- भोजमा मासुको कम प्रयोग गर्न थालेको साथै जाँड रक्सीको प्रयोगमा पनि कमि आएको छ ।
- बेहुला बेहुलीको भेषभुषामा शुद्ध लिम्बू हुँदैन साथमा रातो वस्त्रको प्रयोग गरिएको हुन्छ । यसरी भेषभुषामा पनि परिवर्तन आएको छ ।
- बाबु आमाको रोजाइ भन्दा समग्र केटाकेटीको रोजाई अनुसार मागी विवाह सम्पन्न हुन थालेको छ ।
- छोरा भए पछिमात्र वा सयमुन्द्री पछि मात्र दाइजो दिने चलनमा परिवर्तन आइ विवाहको दिनमानै दाइजो दिइन्छ ।
- विवाहमा महिला तथा पुरुषहरू धाननाच्ने चलन घट्दै गएको देखिन्छ ।
- विवाह मा प्रयोग हुने यातायात को साधनमा परिवर्तन आएको छ ।
- लिम्बू विवाह खास गरी तीन चार दिन लगाएर गरिन्थ्यो भने आजभोली एक वा दुई भित्र सम्पन्न हुन्छ ।

लिम्बू जातीमा शैक्षिक स्थितिको बृद्धि हुदै जानु, खर्चको कटौती, आधुनिक मूल्य मान्यता, परसस्कृतिग्रहण आदि कारणले गर्दा लिम्बू जातिको मागी विवाहमा परिवर्तन देख्न सकिन्छ ।

## ६.२ प्रेम  विवाह मा आएको परिवर्तन

लिम्बू समुदाय समयको परिवर्तनसँग अध्ययन क्षेत्र आठ नम्बरमा पनि लिम्बू यूवा युवतीहरूले प्रेम विवाह गर्दै आएको देखियो । केटा र केटीबीच माया मोह भएपछि एक अर्काबीचमा विवाह गर्दछन, त्यसलाई प्रेम विवाह भनिन्छ । प्रेम विवाह पनि अन्तरजातिय र सजातिय गरि दुइ प्रकारका रहेका छन जसलाई तल प्रस्तुत गरिएको छ ।

क) सहजातिय विवाह

ख) अन्तरजातिय विवाह

### ६.३.१ सहजातिय विवाह

सजातीय विवाह भनेको आफ्नो जात भित्र मात्र गरिने विवाहलाई सहजातिय विवाह भनिन्छ । सजातिय विवाहले समाजलाई सन्तुलनमा राखेको हुन्छ । त्यस्तै अनुसन्धानका क्रममा लिम्बु समुदायमा पनि २२ जना मध्ये १७ जनाले सहजातिय विवाह गरेको अध्ययनको क्रममा थाहा पाइयो ।

### ६.३.२ अन्तरजातिय विवाह

लिम्बू समुदाय समयको परिवर्तनसँगै अन्तरजातीय विवाह गर्ने चलन बढ्दै गएको देखिएको थियो । लिम्बू जाति वाहेक अन्य जातको केटीलाई लिम्बू केटा र लिम्बू केटीले अन्य जातको केटालाई मन पराएर विवाह गर्ने चलनलाई अन्तर जातिय विवाह भनिन्छ । अन्तरजातिय विवाहमा तल्लो जात(दमाई, कामी, सार्की)को केटी सँग विवाह भयो भने त्यसलाइ अस्वीकार गर्ने तर त्यस वाहेक अन्य  जात(राई, नेवार, मगर, ब्राहमण, क्षेत्री, गुरुङ, तामाङ) सँग विवाह भयो भने लिम्बूको नियम अनुसार आफ्नो जातमा भित्राउने चलन छ भनेर अध्ययनको क्रममा थाहा पाएको थियो । आठ नम्बरमा अन्तरजातिय विवाह ५ घर संख्यामा पाइएको थियो । यसरी अन्य पहाडका जनजातिहरूमा पनि हिन्दु वर्ण व्यवस्थाले परिभाषित गरिएको तल्लो जातलाई अछुत भनिने चलन रहेको अध्ययनहरूले देखाउँछ । यो उच्च हिन्दु जाति जस्तै वाह्मण, क्षेत्रीहरूको प्रभावले भएको हुन सक्छ (Holmberg, 2009) । आजभोली प्रेम

विवाहमा अन्तरजात सँग भने बढी नै गरेको हुनाले अन्य जातको नियम झैं रित बुझाउनु पर्छ । तर ब्राहमण र क्षेत्रीले भने रित लिदैंनन् साथै केटीलाई माइत नबोलाउने यो क्रम महिनौ देखी वर्षौ सम्म चल्दथियो भने तल्लोस्तर मा पनि गनिन्थे तर आजभोली यसमा परिर्वतन आई माईत छिट्टै बोलाउने र हेला पनि नगर्ने चलन बढ्दो छ । लिम्बू जातमा भने पहिला बुझाउने रितमा (चोरको शोर) परिवर्तन आएको छ । जहाँ छोरी भगाएर लगेको भनि रीत बढी माग्ने गर्थे तर आजभोली छोरीको खुशी हेर्ने र उनीहरू लाई आर्थिक बोझ कम होस् भनेर नै रीत कम माग्ने चलन छ । अनुसन्धानको क्रममा ५५ वर्षका एक पुरुषको अनुसार“हाम्रो पालामा त मेलामा २ दिन २ रात सम्म धान नाँचेर माया बसेर त्यतैबाट नै भगाएर केटी ल्याइन्थ्यो । आफन्तको मा वा छिमेकीमा आएका पाउना सँग कुरा मिले विवाह नै गरिन्थियो विवाह भने सजातिय नै बढी गर्ने गर्थे त्यसैले नाता सम्वन्ध चाहि राम्ररी बुझेर मात्र गर्ने गर्थे । अन्तरजातिय विवाह नराम्रो त होइन तर पनि यसको प्रभावले हाम्रो संस्कृति मासिएर जान्छ भन्ने डर रहिरहन्छ” । यसै विवाहको सन्दर्भमा २० वर्ष महिलाको अनुसार “यस विवाहमा एकअर्कालाई राम्ररी बुझ्ने मौका पाइन्छ, त्यसैले जिवन सफल हुन्छ । प्रेम विवाहमा पनि सजातिय भए राम्रो तर अन्तरजात सँग विवाह भयो भने पनि एक जातले अर्को जातलाई हेर्ने दृष्टीकोणमा सकारात्मकता आउँदछ ।” यसरी प्रेम विवाहमा पनि २ दिनको भेट बाट नभई वा एकअर्का लाई बुझेर विवाह गर्ने र अन्तरजातिय विवाह प्रति सकारात्मक धारणा पाइन्छ ।

अनुसन्धानमा अन्तरवार्ताको क्रममा २२ जना उत्तरदाताहरु मध्ये १३ जनाले प्रेम विवाह भएको थाहा पाएको थियो । जसलाई तालिका द्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ८**

**प्रेम विवाहको विवरण**

| विवाह | संख्या | प्रतिशत |
|---|---|---|
| अन्तरजातिय | ५ | ३८.४६ |
| सजातिय | ८ | ६१.५४ |
| जम्मा | १३ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अनुसार प्रेम विवाहमा अन्तरजातिय विवाह गर्ने ३८.४६ प्रतिशत पाइयो भने सजातिय विवाह गर्ने ६१.५४ प्रतिशत पाइयो । परम्परागत मूल्यमान्यताका विपरित आधुनिक मूल्यमान्यता, पश्चिमीकरण, अन्य जातिसँगको सम्पर्क, शैक्षिक स्तर र अभिभावक को सचेतना कारणले गर्दा लिम्बू जातिको प्रेम विवाहमा परिवर्तन आएको कुरालाई अध्ययन अनुसन्धान वुझ्न सकिन्छ ।

### ६.३ जारी विवाहमा आएको परिवर्तन

लिम्बू समाजमा जारी विवाह गर्ने चलन छ । कसैको स्वास्नीलाई अर्कै व्याक्तिले विवाह गरेर लैजानेलाई जारी विवाह भनिन्छ । पुरानो चलन अनुसार जारी विवाहमा अर्काको स्वास्नी लैजाने जारले जरिवाना स्वरुप पञ्चभलाद्मी सामु रक्सी, चाँदीको एक रूपैँया र पञ्च भलाद्मीले तोके बमोजिम जरिवाना तिर्नु पर्ने हुन्थ्यो वा जारले मागे बमोजिम पैसा तिर्नु पर्दथ्यो । जारी विवाहको सन्दर्भमा ४५ वर्षीय एक पुरुषको अनुसार “आज भन्दा २० वर्ष अगाडी यसको चर्चा केहि तीब्र रुपमा सुनिन्थियो । जहाँ कसैले जारलाई (श्रीमतीको दास्रो श्रीमान)काट्ने र कसैले डबल खर्च उठाउने प्रसङ्गहरु प्रसस्त सुनिन्थ्यियो । यसरी जारी गरी आउने महिलालाई पनि पहिलो दर्जा नै दिइन्थियो वा भनौ जारी विवाहलाई पनि राम्रै मान्थ्यियो” । यसै सम्वन्धमा ३० वर्षका पुरुषका अनुसार “यस विवाहले अर्काको घरव्यवहार पनि विग्रिन्छ, साथै वालवच्चा भए उनीहरुको विजोग हुन्छ । त्यसैले यस विवाहमा राम्रो भन्दा नराम्रो पक्ष बढी भएकोले क्रमश हटाउदै लैजानु पर्दछ ।” यसरी जरिवाना उठाउने सन्दर्भमा कहिलेकाही पहिलो र दोस्रो श्रीमानहरु विचमा ज्यान गुम्ने गरी लडाई, झगडा हुने भए पनि हाल आएर जारी उठाउन पनि छोड्दै जान थालेको, कम जारी माग्ने र लिम्बू समाजमा जारी विवाह प्रथा विकृतिको रुपमा लिइदै यसलई हेय र असमाजिक कार्य भनि धेरै नकारात्मक दृष्टिकोणले हेरेको पाइन्छ र प्रायश : लिम्बू समाजमा यो चलन हराउदै गइरहेको छ ।

यो प्रथा हराउँदै जानुमा समयको बदलिदो परिबेश अनुसार यिनीहरूको संस्कृति पनि अछुत रहन नस्क्नु । पश्चिमिकरणको प्रभाव पर्नु र अन्य जातिको प्रभाव पर्नु पनि रहेको छ ।

## ६.४ जबरजस्ती विवाह मा आएको परिवर्तन

पहिले यस प्रकारको विवाह लिम्बू समाजमा चलनमा रहे तापनि हाल आएर यो प्रथा केटीको इच्छा विरुद्ध र बलजफ्ती गरिने भएकोले केटी पक्षले दाबी गरेमा यस्तो गर्नेलाई कानुनी रुपमा दण्ड सजाय हुन सक्छ । चोरी विवाहको सट्टा आजभोली प्रेम विवाह गर्ने चलन चलेको र यसपैकार जबरजस्ती विवाह समय सापेक्ष नभएको र समाजबाट अमान्य भएकोले यो विवाह लिम्बू समाजबाट हराएर गएको देखिन्छ । मन परेको केटीलाई हाट बजार र मेलापातबाट जबरजस्ती राख्नाले पछि बाट जारी गरी जाने र घर दिगो नहुने हुदाँ यो क्रमश लोप हुदै गएको छ । लिम्बूहरूमा मामाचेली र फुपुचेलावीचमा विहे चल्दैन (सुब्बा,२०००)। यसरी परिवर्तनमा कारणहरू लिम्बूहरूको बाहिरी देशहरूसँगको सम्पर्क, शिक्षा नै प्रमुख रहेको पाइन्छ ।

## ६.५ लिम्बू समाजमा दाइजो, सुनौली र रुपौंली प्रथामा आएको परिवर्तन

लिम्बू विवाहमा दाइजो लिने प्रथा नरहेको पाइएको छ । यो समाजमा छोरीको विवाहमा सुनौली (छोरी दिदा सुन लिने चलन) रुपौंली (छोरी दिदा रुपैंया लिने चलन) को माग गर्दछन र यो मात्रा केटीको बाबु आमाको भर पर्दछ । यसरी सुनौली रुपौंली जे मागे पनि केटा तर्फकाले दिनै पर्छ । केटाले दिएको सुनौली वा रुपौंलीलाई केटीको बाबु आमाको साँचेर राखेर विवाह गरे पश्चात दुई, तीन सन्तान नभएसम्म त्यो फिर्ता हुदैन यो लिनुको अर्थ यदि छोरीले विवाह पश्चात दुःख भोग्न परेमा, जुवाईले हेला गरेमा, अलपत्र नपरोस भन्ने हेतुले केटी तर्फकाले लिने यो चलन छँदैछ तर आजभोलि धेरै जसो सुनौलीलाई विवाहमा नै छोरीको गहना बनाएर दिन चलन छ ।

यसको सम्वन्धमा “छोरी दिए वापत प्रतिकात्मक रुपमा दाम लिने चलनले कन्या र वर पक्षबीच समान स्तर र हैसियत देखाउँछ र मानवीय संसाधनका हिसाबले छोरीको मूल्यवान स्थिति भएकोले त्यसको क्षतिपूर्ति दिने चलनले छोरी परिवारको सम्पत्ति भन्ने देखिन्छ । त्यसो हुँदा लिम्बूले छोरीको सोतरीत खाएमा हिनताबोध गर्नुपर्ने छैन । रितमा विकृति भने ल्याउन हुँदैन (श्रीनिवास,१९९६)।

सेर्माको विचार (२०६६) यस प्रकार छ "मलाय,हङकङ,ब्रिटिस लाहुरे धनसम्पति रुपैँयाको पैसाको मुख हेरेर,राम्रा सुकिलो लुगा हेरेर रुपौँली र सुनौली वापत रु. १० हजार देखी एकलाख सम्म र सुनमा तीन देखी दशतोला सम्म को गरगहना लिएर छोरीचेलीलाई पशु जस्तै विक्री गर्ने चलन व्याप्त छ। छोरी त अर्काको घरको भित्ता टाल्ने जात हो किन स्कूल पठाउने आदि कुरा बाट स्पष्ट हुन्छ की महिलाहरू शुरुमा आफ्नो आमा,बाबु र माइतीहरूबााट नै शोषित हुन्छन् । यसरी नारीहरूलाई विकृतीपूर्ण संसारमा फसाएको इतिहास त्यति लामो छैन। मात्र डेढ, दुई सय वर्ष का दैरानमा हिजोको ती आपुङ्गी सुब्बा, घमण्डी किरातहरूको व्यक्तिगत स्वार्थ र खाइदेउ दिमागी उपज मात्र हो।"

यस समाजमा रहेको छोरीको आमा बाबुलाई बुझाउनु पर्ने रीत जस्ता ब्यवहारले लिम्बू जुवाइहरूलई धेरै आर्थिक भार पर्दछ । यसै सिलसिलामा मैले अन्तवार्ता लिने क्रममा केही बुढापाकाहरूको धारणा "हाम्रो समाजमा छोराछोरीमा भेद गरिदैन । आमा बाबुले दुःख साथ छोराछारीहरूलाई पालन पोषण गर्छौ भने छोराछोरीको कर्तव्य हामीलाई हेर्न हुनु पर्छ। छोराले बुढाकालमा हाम्रो रेखदेख गर्दछ भने छोरी बिहे गरेर जान्छ र हामी प्रतिको कर्तव्यलाई आवश्यक रितहरू बुझाएर नै उसले आफ्नो कर्तव्य निभाउने हाम्रो समाजमा चलन छ साथै जति धेरै रीत लियो त्यति नै छोरीको जुवाइको घरमा मान बढ्ने परम्पराले पनि यो परम्परागत विवाह संस्कार गाउँ घर मा कायमै राखेको छौं । तर समयको माग अनुसार हामीले रीत दस्तुर मात्र बुझ्नु पर्छ।" यस्तो पाइए पनि "सुनौली र रुपौंली लिम्बू परम्परा हो, जसले लिम्बूहरूलाई अरु जात भन्दा पृथक वनाउन मदत गर्दछ। त्यती भएर पनि सुनौली र रुपौंली ले देखावटी प्रवृतीलाई मात्र जोडदिएको छ। जसले गर्दा महिला र पुरुष दुवैलाई आर्थिक भार पर्छ । त्यसैले यसलाई छोड्दै लैजानु नै राम्रो हुन्छ आजभोलि विवाहमा रुपौंली, सुनौलीको चलन प्रायः कम हुदै गएको छ। जो चाही समय सापेक्ष छ" युवापुस्ताका उत्तरदाताहरूको धारणा यस्तो पाइयो । दाइजो प्रथा लिम्बूसमाजमा केटीहरूलाई दाइजो दिने चलन छैन । बरु जुवाँई तर्फबाट सुनौली रुपौंली लिने परम्परागत चलन पनि प्राय हराउदै गइरहेको छ। अरु जातको देखासिकी

र समयको बदलिदो परिवेश अनुसार केटीको घरमा विवाह भोज दिदा केटीलाई विवाहमा आउनेहरूले उपहार ल्याइदिन्छन् । आमाबाबुले पनि छोरीहरूलाई थोरै मात्रामा भए पनि केही दाइजो दिन्छन् । जसले गर्दा छोरीलाई घरजम गर्न केही सहायता पुग्दछ ।

मेरो कार्यक्षेत्रको  प्रश्नावली अध्ययनको क्रममा २२ जना उत्तरदाताहरूबाट प्राप्त दाइजोबारे तथ्याङ्क निम्नानुसार छ ।

**तालिका नं.९**

**दाइजो , सुनौली र रुपौली प्रथामा आएको परिवर्तन**

| जात | दुइ, तीन टीका पछि मात्र दाइजो | बिबाहको समयमा नै दाइजो | दाइजो चलन नरहेको | जम्मा |
|---|---|---|---|---|
| सजातिय | ११ | ३ | ५ | १९ |
| अन्तरजातिय | - | ३ | | ३ |
| जम्मा | ११ | ६ | ५ | २२ |

*स्रोत:कार्यक्षेत्रको अध्ययन अनुसार २०६८*

माथिको तालिकामा मेरो कार्यक्षेत्र अध्ययन को प्रश्नावलीको २२ उत्तरदाताबाट दाइजो को बारेमा प्राप्त तथ्याङ्क अनुसार सजातिय जात का अनुसार विवाहको समयमा नै दाइजो चलन छ भन्नेको संख्या ३ जना पाइयो भने ३ जना उत्तरदाता नै अन्तरजातबाट विवाह गरी आउने थिए । यसरी नै सजातिय जातका ११ जनाले सयमुन्द्री पछि वा दशैंमा २,३ टीका आएपछि मात्र दाइजो पाउने नियम रहेको बताए । ५ जनाले लिम्बू जातिमा दाइजो दिने चलन नरहेको बताए । लिम्बू समाजमा यसरी समय सापेक्ष परिवर्तन आउदै गरेको भएता पनि यो रुपौंली, सुनौली प्रथाले गर्दा अझ पनि पहाडका केहि निश्चित ठाउँहरूमा धेरै लिम्बूनीहरू विवाहित भएर कुन्ठीत र दुखदायी जिवन बिताउन बाध्य भएको छन् ।

### ६.६ लिम्बू विवाहको अन्य पक्षमा आएको परिर्वतन

लिम्बूहरूमा मागी विवाह, जारी विवाह, चोरी विवाह, अदालती विवाह आदि प्रकारका विवाहमा परिवर्तन आउनका साथै विवाहमा विहेको पहिरन, विवाह गर्ने उमेर र बेहुली छान्ने प्रक्रियामा परिवर्तन आफैले जिवनसाथी रोजेर विवाह गर्ने अधिकार विहे हुनु भन्दा अगाडि केटाकेटी भेट्ने, खर्च भोजभतेर, विवाह सम्पन्न गर्ने तरिका रित दस्तुर बुझाउने आदिमा पनि क्रमिक परिवर्तन हुदै आएको पाइन्छ । जुन निम्नानुसार ब्याख्या गरिएको छ ।

#### ६.६.१. पहिरन

लिम्बू बेहुला बेहुलीको पहिरनमा पनि अरु जाति जस्तै परिवर्तन आएको छ जस्तै : पहिलेको विवाहमा सेतो दाउरा सुरुवाल सेतो फेटा त्यसमाथि श्रीपेज शिरमा लगाउथे भने आजभोलि धेरै जसोले टाइ सुट र ढाका टोपी लगाउदछन् । त्यस्तै लिम्बू बेहुलीहरू चौबन्दी चोली र कैचीमार सारीको सट्टा आधुनिक प्रकारको महङगो सारी लगाउन रुचाउछन् । यी सबैको कारण आधुनिकीकरण र अरु जातको देखासिकी र सङ्गतको प्रभाव हो ।

#### ६.६.२ गहना

आजभोली आधुनिक लिम्बू युवाहरू परम्परागत गहना जस्तै लिम्बू बेहुलाले विहेमा लाउने कण्ठहार र बेहुलीले लाउने परम्परागत गहना जस्तै शीरमा सुनको फूल र चिम्टीहरू, निधारमा शीरबन्दी , कानमा च्यापेर सुन, इयरिङ्ग, गलामा कण्ठा, नाकमा ढुग्री, बुलाकी लाउँथे भने हाल आएर बेहुलाले गलामा कण्ठाहार लगाउदैनन् भने बेहुलीहरू पनि समय सापेक्ष आधुनिक गरगहना लगाउँदछन् । यो पनि बदलिदो समयको परिवेश, आधुनिकीकरण, शिक्षा र अरु जातसगँको सम्पर्कले गर्दा यी सबै परिवर्तन आउन थालेको बुझिन्छ ।

### ६.६.३ उमेर

पहिला पहिला लिम्बूहरू पढेलेखेका हुदैनथे र अफिसतिर जागिर खादैनथे र उनीहरू कृषि मात्र गर्दथे । जो कि अहिले पनि उनीहरूको मुख्य पेशा रहेको छ । त्यसको परिणाम बालविवाह अथवा उमेरै नपुगी १२/१३ बर्ष भित्रमा नै विवाह हुन्थ्यो । तर हाल मुश्किलले मात्र यति सानो उमेरमा लिम्बू जातिमा विवाह गरेको पाइन्छ । धेरै जसो १८ बर्ष काटेकाहरूले मात्र विवाह गर्दछन् । आमाबाबुले पनि उमेर नपुगी छोराछोरीको विवाह गर्न चाहदैनन् । अहिलेको युवा वर्ग पनि चाडै विवाह गर्न चाहदैनन् । यो पनि शिक्षा, आधुनिकीकरण र जनचेतनाको प्रभाव हो ।

### ६.६.४ बेहुला छान्ने

पहिला पहिला केटा छान्दा लिम्बू समाजमा खाली धनि जग्गा जमिन भएकोलाई मात्र ग्राहयता दिइन्थ्यो भने, तर आजभोली यस्तो सोचाइमा परिवर्तन आएको छ । बुढापाकाहरू पनि केटा छान्दा धनको सट्टा शैक्षिक योग्यता हेर्दछन् । साथै लिम्बू समाजमा परम्परागत विवाहमा केटीहरूलाई आफ्नो बेहुला छान्ने अधिकार दिइदैनथ्यो । आमाबाबुले रोजेको केटासग विवाह गर्नु राजी छ की त छैन भनी सोधेर मात्र विवाह गरिन्छ ।

### ६.६.५ बेहुली छान्ने अधिकार

लिम्बू समाजमा बेहुली छान्दा केटीले कत्तिको काम गर्छ वा गर्न सक्छ भनेर धेरै काम गर्नेलाई ग्राहयता दिइन्थ्यो भने हाल धेरै काम गर्नेलाई होइन शिक्षितलाई ग्राहयता दिन्छन् । पढेलेखेको बुहारी भए पछि दुख हुदैन, किनकी उनी सँग वैकल्पीक अवसर पनि साथमा हुन्छ भन्ने सोचाइ राखेर पढेलेखेको केटी छानिन्छन् । केटाहरू आफै धेरै शिक्षित मात्र भए पनि सके सम्म धेरै शिक्षित केटी नै विहे गर्न रुचाउँछन् ।

### ६.६.६ विवाह संस्कारमा हुने खर्च

लिम्बू समाजमा हुने केटा पट्टिको तर्फ धेरै खर्च जस्तै केटीको अभिभावको माग वमोजिम सुनौली रूपौंली बुझाउनु पर्ने, खोक्पा चारकलम ३ पल्टसम्म लानु पर्ने, ढागनी भेटौंनीमा पैसा राख्नु पर्ने प्रथाले केटामा अनावश्यक आर्थिक भार पर्न जान्थ्यो । हाल आएर बुढापाका देखि युवा पुस्ता यो परम्परा एकदम खर्चिलो भएकोमा यो प्रथा विस्तार छोड्दै रीत लैजान परे पनि दस्तुर मात्र बुझाउँछन ।

### ६.६.७ भोजभतेर

लिम्बू समाजमा भोजभतेरको महत्वपूर्ण भूमिका छ । लिम्बूहरू विशेषगरी ख्यालठट्टा र हाँसखेल गर्नमा बढी रुची राख्दछन साथै मान्छेहरू वोलाएर विवाहका भोजमा राँगा, खशी, सुँगुर काट्दछन् । विहेमा पुरै गाउँनै उल्टिएर मासुको साथ जाँड रक्सी प्रशस्त्र खान्थे । यो भोजभतेर २,४ दिनसम्म चल्दथ्यो । जसले गर्दा लिम्बूहरू अनावश्यक ऋणको भारमा पर्दथे, जग्गा जमिन सम्म धितो राखेर विवाहमा खर्च गर्न सान सम्भिmन्थे र जसले गर्दा उनीहरूको आर्थिक अवस्था दिनप्रतिदिन कमजोर भयो । हाल आएर लिम्बू समाजमा पनि विवाहमा अनावश्यक खर्च गर्न हुन्न भन्ने चेतना आइसकेकाले बरु साधरण खर्चमा विवाह गर्नु पर्दछ भन्ने विचार धेरै मेरो अध्ययनको क्रममा पाए ।

## ६.७ विवाह सम्पन्न गर्ने तरिका

लिम्बू समाजमा अरु समाजमा जस्तै केटाकेटी उमेर पुगेपछि अभिभावकको सहमतिमा विवाह गर्दछन् । केटापट्टिकोले केटीको घरमा गएर विवाहको कुरा गर्दछन् । यो नै पहिल्यै देखि चलि आएको लिम्बूको मागी विवाहको चलन हो । तर हाल आएर केटीको दाजुभाइले अथवा अरु मार्फत केटा के कस्तो छ, घर र परिवार कस्तो छ भनेर बुझ्न पठाउदछन् । साथै केटाकेटी संयम एकआपसमा प्रत्यक्ष रुपमा कुरा गरेर मात्र विवाह गर्दछन् । विवाहको समय पनि ३ देखि ४ दिनसम्म लाग्दथ्यो भने हाल

आएर भने २ देखि ३ दिन भित्रमा सम्पन्न गरिन्छ । यसले गर्दा समय र खर्चको बचत झन्झट पनि कम भएको बताए ।

## ६.८ रित दस्तुर

परम्परागत लिम्बू विवाह पछि बेहुलीको माइत जादा ४ कलम डल्लै सुँगुर १०/१२ पाथी रक्सी, र २० थरीका अचारहरू रीतमा लानु पर्ने त्यसपछि पहिलो टिका (दशैं) मा २ डल्लै सुँगुर (आन्द्राभुडी निकालेको ), रक्सी र अचार सहित ल्याउनु पर्दथ्यो । यहि क्रम पछि २ पल्ट सम्म पनि लानु पर्दथ्यो । जुन क्रममा केटा आर्थिक भारमा पर्दथ्यो । तर हाल आएर विवाहको पहिलो पटक मात्र डल्लै सुँगुर लगिन्छ अथवा सुँगुरको फिला, २ बोतल रक्सी र फलफूल लगिन्छ । साइमुन्द्री र वागदत्ता प्रथा पनि समय सापेक्ष बिस्तारै हराउदै गइरहेको छ ।

# अध्याय सात

# निष्कर्ष

प्रस्तुत अनुसन्धान झापा जिल्लाको जलथल गा.वि.स को लिम्बू जातीहरूको परिवर्तित विवाहको स्वरूप वुझ्न गरिएको छ । जसबाट समाज परिवर्तनको बहाव बाट लिम्बू मूल्य मान्यता पनि अछुत नरहेको देखिन्छ । यस परिवर्तनको लागि आधुनिकीकरण, शिक्षा, परसस्कृतिग्रहण र हिन्दु संस्कृतीको अनुशरणले मुख्य भूमिका खेलेको देखिन्छ । विवाहको स्वरूपमा मागी  र प्रेम विवाहमा पनि  निरन्तर परिवर्तन भइरहेको देखिन्छ, भने जारी, चोरी र भाउजु विवाह गर्ने विवाह क्रमश हराउदै गएको देखिन्छ । जीवन साथीको छनौट गर्ने प्रकिया मा पहिले श्रीमानले श्रीमती छान्नुको सट्टामा परिवारको लागि वुहारी छान्ने प्रचलन थियो । हाल आएर परिवारको लागि भन्दा आफ्नो लागि श्रीमती छान्ने प्रचलन बढेको पाइन्छ । जसले गर्दा प्रेम विवाह तीव्र रुपले अघि बढिरहेको देखिन्छ । अन्तरजातिय विवाह लाई स्वीकार गरेको देखिन्छ । त्यस्तै गरी विवाहको उमेरमा पनि परिवर्तन किशोर अवस्था पार गरेपछि मात्र गर्ने प्रचलन बढिरहेको देखिन्छ । भौगोलिक दृष्टिकोणले विवाहको परिवेश हेर्दा पहिले भन्दा अहिले नजिक भएको वा एउटै वडाभित्र, छिमेकी वडा मा बढी भएको देखिन्छ ।

लिम्बू जातीहरू पनि आफ्नो आर्थिक अवस्था प्रति सचेत हुन थालेको देखिन्छ । जसले गर्दा सुनौली, रुपौँली र विभिन्न रीतहरू मा हुने आर्थिक भार प्रति सचेत भएर अनावश्यक मान्यताहरूलाई क्रमश हटाउदै लगेको देखिन्छ । यस समाजमा रहेको छोरीले आमाबाबुलाई बुझाउनु पर्ने रीत जस्ता व्यवहारले लिम्बू जुवाइहरू लुटिएको जस्तो देखिन्छन । समाजमा व्यापक रितहरू श्रद्धासाथ चलन चल्तीमा रहेको बुझिन्छ । जे भएता पनि समग्रमा यसप्रकारको अनौठो रीत अथवा रीत प्रतिको बलियो विश्वासले प्रतिष्ठालाई कायम गरेता पनि व्यर्थ खर्चको आभास दिन्छ । यसको सम्बन्धमा यसलाई केहीवृद्धहरूले पुरानो नियम अनुसार आर्थिक भारको रुपमा राख्न नचाहे पनि मूल्य-मान्यताको रुपमा भने कायम नै राख्न चाहेको तर युवापुस्ताहरूले साँस्कृतिक देखावटीको रुपमा आर्थिक भार बढाउने र छोरीचेलीको विक्रीवितरण गर्ने

मान्यता भनि यसलाई हटाउदै लैजानु पर्नेमा जोड दिन्छन् । सम्पूर्ण लिम्बूहरूको सामाजिक जनजीवनलाई नियाल्दा यिनीहरू खानपिन, नाचगान, मेलापर्व प्रति ज्यादै झुकाव राख्दछन । तर सुनौली रुपौँली छोड्दै लगे पनि दाइजो दिने चलन प्रति आर्कषणले हिन्दूकरण प्रभाव परेको देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची

## नेपाली


आचार्य,बलराम; २०६४ : *सामाजिक सस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,* नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाडौं ।

एंगेल्स, फ्रेडरिक; १९८६ : *परिवार, निजी स्वामित्व र राज्य को उत्पत्ति,* प्रगति पुस्तक सदन, डिल्ली वजार, काठमाडौं।

किरात याक्थुम चुम्लुङ्ग; २०६६ : *काठमाडौं चुम्लुङ्ग समारिका,* काठमाडौं ।

चेम्जोङ, इमानसिंह; १९५९: *किरात मुन्धुम,* तेस्रो प्रकाशन, किरात याक्थुम चुम्लुङ्ग, तीखीदेवल, ललितपुर ।

चेम्जोङ्ग, इमानसिंह; २०६३: *किरात इतिहास र संस्कृति,* वागवजार, काठमाडौं ।

दाहाल, धरणीधर; २०४१: *सिक्किमको राजनैतिक इतिहास,* सुब्बा प्रकाशन, गान्तोक ।

विष्ट, डोर ब.; २०३० :*सवै जातको फूलवारी,* साझा प्रकाशन, काठमाडौं ।

याक्थुम्वा, मञ्जुल; २०६२: *मौलिक किरात तथा संस्कार,* तीखीदेवल, ललितपुर ।

शेर्मा, चन्द्र कुमार; २०६६: *किरात धर्म, संस्कार र विधी,* दमक, झापा ।

श्रेष्ठ, शिव कुमार; २०४५: *लिम्बूवानको ऐतिहासिक अध्ययन,* धनकुटा ।

श्रीजङ्गा साहित्य मञ्च, २०५७/५८: *श्रीजङ्गा विविध,* काठमाडौं ।

सेनेहाङ, दिल; २०६८*: लिम्बूको थर,वसोवास र संस्कृति,* तीखीदेवल, ललितपुर ।

लिम्बू विद्यार्थी मञ्च,२०६५: *स्मारिका,*किर्तिपुर ।

सुब्बा, दिलेन्द्र; २०६५ : *लिम्बूवान : क्रान्ति र विकास,* संघिय लिम्बूवान राज्य परिषद्, पान्थर, नेपाल ।

सुब्बा, चैतन्य; २०००: *लिम्बू जाती र तिनका सामाजिक संस्कार*, वागवजार, काठमाडौं ।

## English

Caplan L, 2000: *The land and social change in east Nepal*, 2nd ed. Himal Books Lalitpur.

Fricke, T.C, 1986, himalyan household: *Tamang demography and domestic process*, Ann Arbor, UMI research press.

Hoebel, E.A and frost E.L, 1979: *Cultural and Social anthropology*, New Delhi.

Holmberg .D, 2007: "Egalitarian society, tamang/blacksmith relation from tamang perspective", *in occasional papers in sociology and anthropology.*

Jones, R.L and jones K. 1967: The Himalayan woman; *a study of limbu in marriage and divorce 1st ed.*

Majumdar, D.N and T.N madan, 1980: *An Introduction to social anthropology*, Bombay, Asia publishing house.

Morgan, L.H, 1877: *Ancient Society*, New York, henry Holt and company.

Ritzer.G, 2000: *Sociological Theory*, MC grow hill edition, New York.

Sagant. P, 2008 : The dozing shaman: *The Limbus of eastern Nepal*, New Delhi: Oxford University Press.

Subba Chaitainya, 1995: *The Culture and Religion of Limbu*, Hattigauda.

Srinivas,M.N, 1995: *Some reflection on dowary, village, caste, gender and method*, Essay an Indian social anthropology,delhi, oxford university press.

Regmi, M.C, 1977: *Landownership in Nepal*, Delhi, Adroot publisher.

## परिशिष्ट १

घरधुरीको सर्वेक्षण

उत्तरदाताको विवरण

नामः पुरुषः महिलाः

जातिः शिक्षाः

| क.स. | सदस्यको नाम | घरमूली संगको नाता | उमेर | लिङ्ग | शिक्षा | बुहारी/सासुको माइत घर | | विवाहित छोरी घर (अहिले र पहिले) | | कस्तो विवाह | विवाहको उमेर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ठेगाना | जात/थर | ठेगाना | जात/थर | | |
| | | | | | | | | | | | |

परिवारका सदस्यहरुको विवरण

# परिशिष्ट २

## अन्तरवार्ताको प्रश्नावली विवरण

१. तपाईको जातिमा प्रचलीत विवाहका प्रकारहरु कुन कुन हो ?

.....................................................................................................

२. मागी विवाहमा केटी माग्दा के गरिन्छ ?

.....................................................................................................

३. केटी माग्दाको मार्फत र कसरी कुरा चलाइन्छ ?

.....................................................................................................

४. मागी विवाहमा रित के लानु पर्दछ ?

.....................................................................................................

५. मागी विवाह कति दिनमा सम्पन्न गरिन्छ ?

.....................................................................................................

६. विवाह पश्चात केटी तुरुन्त केटाको घरमा बस्न जान्छ कि पछि जाने चलन छ ?

.....................................................................................................

७. विवाहको मुख्य लगन कार्य केटाको घरमा गरिन्छ वा केटीकोमा गरिन्छ ?

.....................................................................................................

८. मागी विवाहमा दाइजो प्रथा छ कि छैन ?

.....................................................................................................

९. विवाहको भोजमा के के खुवाइन्छ ?

.....................................................................................................

१०. तपाईको विचारमा मागी विवाहमा पहिला भन्दा हाल आएर केहि परिवर्तन भएको छ ? छ भने कस्तो ?

.....................................................................................................

११. तपाईको विचारमा मागी विवाह राम्रो कि प्रेम विवाह ? के अन्तर छ यी २ विवाह बीच ?

..........................................................................................................

१२. प्रेम विवाहमा रित बुझाउने चलन छ वा छैन ?

..........................................................................................................

१३. तपाईको समाजमा जारी विवाहको प्रचलन छ कि छैन ?

..........................................................................................................

१४. जारी विवाह गर्दा जरिवाना तिर्नु पर्छ वा पर्दैन ? पर्छ भने के के तिर्नु पर्दछ ?

..........................................................................................................

१५. जारी विवाहलाई समाजमा कसरी हेर्ने चलन छ?

..........................................................................................................

१६. अन्तर जातिय विवाहलााई तपाईको समाजमा कसरी हेरिन्छ? कसरी मिलाउनुहुन्छ? यसले गर्दा सम्बन्ध कस्तो निर्माण भएको छ ?

..........................................................................................................

१७. अन्तरजातिय विवाहमा रित बुझाउनु पर्छ कि पर्दैन?

..........................................................................................................

१८. भाउजु विवाह गर्ने प्रथा तपाईको जातमा छ कि छैन? छ भने यसलाई समाजले कसरी लिने गरेको छ ?

..........................................................................................................

१९. विवाहको प्रकिया कसरी अपनाइएको छ?

..........................................................................................................

२०. यस्तो प्रक्रिया अपनाइएको मुख्य कारण के के थियो?

.............................................................................................................

२१. मागी विवाहले गर्दा कस्तो सम्बन्ध निर्माण भएको छ?

.............................................................................................................

२२. तपाईको जातीको प्रचलित सुनौली रुपौँली प्रति धारणा कस्तो छ?

.............................................................................................................

## परिशिष्ट ३

| | | |
|---|---|---|
| सेवारो | – | नमस्ते |
| हिम | – | घर |
| मेखिम | – | विवाह |
| सामलोमा | – | गीत गाउनु |
| चेसुङ्ग | – | कोशेली |
| सिँजवा | – | रक्सी |
| ताङसाङ्ग | – | आकाश |
| मि | – | आगो |
| फूदोङ | – | मेजमान |
| साम्याङ | – | सुन |
| याङ | – | रुपैँया |
| पेना/माङदक | – | कोदो |
| सिम्वासावा | – | वेहुला |
| सिम्वासामा | – | बेहुली |
| यप्पारुङ | – | चाँदीको सिक्का |
| निङवातङवा मेखिम | – | प्रेम विवाह |
| नाक्सीङमा मेखिम | – | मागी विवाह |
| तरेवा/तरेमा | – | पाहुना |
| हिमदाङवा | – | घरमूली |